# काठमाडौँ उपत्यकामा कबाड व्यापारको सञ्जाल

## अनुसन्धान प्रतिवेदन

### अनुसन्धान समूह

**तीर्थ विष्ट**
अनुसन्धान सहायक
मार्टिन चौतारी

**योगेश राज**
फेलो, सार्वजनिक जीवन र सार्वजनिक ज्ञान
मार्टिन चौतारी
निर्देशक, सामाजिक प्रतिरक्षा प्रविधि अनुसन्धान केन्द्र (सिआरएसडिटि)
नेपाल ईञ्जिनियरिङ्ग कलेज
भक्तपुर

**मंसिर २०७०**

# काठमाडौँ उपत्यकामा कबाड व्यापारको सञ्जाल

तीर्थ विष्ट र योगेश राज

**मार्टिन चौतारी**
२७ जीतजंग मार्ग, थापाथली, काठमाडौँ
पोस्ट बक्सः १३४७०
फोनः +९७७-१-४२३८०५०/४१०२०२७
फ्याक्सः +९७७-१-४२४००५९
इमेलः chautari@mos.com.np
वेब साइटः www.martinchautari.org.np

सर्वाधिकार © मार्टिन चौतारी, सन् २०१३

सर्वाधिकार सुरक्षित । यो रचनाको कुनै पनि अंश प्राज्ञिक समीक्षा गर्नबाहेक र मार्टिन चौतारीबाट लिखित अनुमतिबेगर उद्धृत, पुनर्मुद्रित, वा पुनर्प्रकाशित गर्न पाइने छैन ।

प्रकाशनाधिकारसम्बन्धी प्रक्रिया बुझ्न प्रकाशन विभाग, मार्टिन चौतारी, २७ जीतजङ्ग मार्ग, थापाथली, काठमाडौँ, नेपालमा पत्र पठाउनु होला । मार्टिन चौतारीको प्रकाशन विभागको ठेगाना publication@martinchautari.org.np मा ईमेल पठाएर अथवा मार्टिन चौतारीको वेबपेज http://martinchautari.org.np/ हेरेर पनि यससम्बन्धी जानकारी तपाईं पाउन सक्नुहुनेछ ।

# विषयसूची


सार-संक्षेप ४
शब्दार्थ ७

अध्ययनका परिणाम ९
१। **कबाडी व्यवसायको आकार** ९
२। **कबाड सञ्जालको संरचना तथा सङ्गठन** ११
२क। कबाड सङ्कलन ११
२ख। कबाड सङ्ग्रह र वर्गीकरण १२
२ग। कबाडको पुनर्प्रयोग १४
२घ। कबाड पसलको संरचना १५
३। **कबाडी व्यवसायको अर्थतन्त्र** १८
३क। कबाडको आर्थिक महत्त्व १८
३ख। कबाडको मूल्यमा बढोत्तरी २१
४। **कबाडमा राजनीति** २२
५। **उपसंहार** २४

परिशिष्ट
क। **तथ्याङ्क सङ्कलनको प्रकृति, मात्रा तथा विधि** २६
ख। **तथ्याङ्क सङ्कलनको स्रोत** २६
ख१। भ्रमण गरिएका स्थान तथा क्षेत्र २६
ख२। सम्पर्क व्यक्तिको तालिका २७
ख३। पुनर्विन्यासको लागि दैनिक रूपमा उत्पादित कबाडी परिमाण २९

चित्र र तालिका सूची
चित्र १ : कबाड पसल कहिले थापेको ? १०
चित्र २ : कबाड पसलको आकार १०
चित्र ३ : कबाडपिच्छे फेरियाको सङ्ख्या ११
चित्र ४ : कबाड सङ्कलन र विवरण शृंखला ११
चित्र ५ : कबाड सामग्री आउने माध्यम १३
चित्र ६ : कबाड धनीको ठेगाना १५
चित्र ७ : कबाड धनीको घरठेगाना १६
चित्र ८ : लगानीकर्ता १७
चित्र ९ : संयुक्त कारोबारप्रति रुचि १७
चित्र १० : कबाड धनीको पहिलेको पृष्ठभूमि १८
चित्र ११ : कबाड धनीको फेरिया अनुभव १८
चित्र १२ : व्यवसायीको अन्य आर्थिक स्रोत १९
चित्र १३ : व्यवसायमा पारिवरिक संलग्नता २०
चित्र १४ : परिवार सदस्यको वासस्थान २०

तालिका १: पुनर्विन्यास-चक्रमा कबाडी सामानमा मूल्य वृद्धि २१

# सार-संक्षेप

काठमाडौँ उपत्यकामा कबाड सङ्कलन, वर्गीकरण, संशोधन, र परिवर्द्धनजस्ता गतिविधि दैनन्दिन र दृश्यमान भए पनि तिनको मात्रा र स्वरूप खुलाउने तथ्याङ्क भने अपूरो र छरपष्ट भेटिन्छ । डिसेम्बर २०१२ देखि मार्च २०१३ सम्म मार्टिन चौतारीले आफ्नो आन्तरिक स्रोतबाट उपत्यकाको कबाड सञ्जालको आकार र अर्थ-राजनीतिक संरचना पहिल्याउन एउटा अध्ययन परियोजना चलायो । त्यो परियोजनाको मुख्य उद्देश्य उपत्यकाबाट उत्पादित कबाडको मात्रा; कबाडमा आधारित उद्योग र व्यवसायको स्वामित्व र आकार; कबाडको सङ्कलन, ढुवानी र संशोधनको बान्की; यस्ता गतिविधिमा संलग्न मानिसको संख्या र पृष्ठभूमि; र कबाड सञ्जालभित्रको अर्थ-राजनीतिबारे भरपर्दो सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क सङ्कलन गर्नु थियो । यो प्रतिवेदनमा उपरोक्त अध्ययनको एकसरो र प्रारम्भिक निष्कर्ष प्रस्तुत गरिएको छ ।

काठमाडौँ उपत्यकाको बस्तीविकास फैलँदो छ । यहाँको अर्थसामाजिक संरचना बदलिँदो छ । सहरीकरणले परम्परागत उत्पादन सम्बन्धमा आमूल परिवर्तन ल्याउँछ । त्यसको विपरित, विद्यमान अर्थ-राजनीतिक सम्बन्धले सहरलाई आकृत गरेको हुन्छ । नेपालजस्तो मुलुकमा सहरीकरणका दुईओटा प्रवृत्ति निश्चितप्राय: छन् । एउटा, सहरका गञ्जागोल भौतिक विकास, झकिझकाउ 'मऋल' संस्कृति र होहल्लापूर्ण टोलबस्तीको सामाजिकतापछाडि उराठलाग्दा, जनशून्य र विपन्न गाउँको महासमुद्र छ । तैपनि एकातिर, सहरको बढ्दो खपत तिनै गाउँको उत्पादनको बजार हो । ग्रामीण उत्पादन र सहरी बजारलाई जोड्ने क्रममा उपत्यकासम्म पुग्ने सडकछेउछाउ सहरोन्मुख भनिने बस्ती बढेका छन् । अर्कोतिर, सहरी अर्थव्यवस्थाको ठूलो हिस्साको चरित्र भने अनौपचारिक देखापरेको छ । वस्तु-सेवा-नगदविनिमयको आधार लिखित सम्झौता होइन, मौखिक समझदारी देखिन्छ । व्यावसायिक सम्बन्धको मूल आधार खुल्ला र निर्वैयक्तिक प्रतिस्पर्धा होइन, गाउँथरजात र सामुदायिक-पारिवारिक नातागोता भेटिन्छ । अर्को, सहरको अर्थराजनीति विचारधारात्मक आदर्शको खोलभित्र कबिलाई तँछाडमछाडबाट सञ्चालित छ । त्यो अर्थराजनीतिको मुख्य ध्येय भौतिक र साङ्केतिक स्रोतसाधनको भरपूर दुरुपयोग हो । सहरको सीमान्त प्रदेशमा जरो गाडेको कबाड सञ्जालमा यस्तै विसङ्गति व्याप्त छ ।

यो विसङ्गति सहरको नकारात्मक विशेषता होइन, गरिब सहरको मूल चरित्र हो । कबाड सञ्जालको विश्लेषणले गरिब सहरको अर्थराजनीतिको अनौपचारिकता बुझ्न सहयोग पुग्नेछ । तर कबाड व्यापारको उद्भव, विस्तार र बाँकी आर्थिक-क्षेत्रसितको सम्बन्धको विश्लेषण भरपर्दो तथ्याङ्कबेगर सम्भव छैन । अनौपचारिक अर्थराजनीतिको सैद्धान्तिक खाका पनि तथ्यमूलक हुनुपर्छ । साथै, कबाड व्यापारलाई नियमित गर्न वा औपचारिक अर्थतन्त्रको घेराभित्र ल्याउन कुनै प्रभावकारी सरकारी नीति र कार्यक्रम पनि बनाउन सकिँदैन ।

यो अध्ययनको उपयोगिताबारे प्रतिवेदकद्वयको विचार अलि भिन्न छ । कबाड व्यापारको अर्थ-राजनीतिक संरचना आफै एउटा रुचिप्रद समाजशास्त्रीय प्रश्न हो । यो प्रश्नलाई पछ्याउँदा सहरीकरणले परम्परागत उत्पादन सम्बन्धमा के कस्तो परिवर्तन ल्याउन सक्तोरहेछ, अथवा त्यसको विपरीत, विद्यमान अर्थ-राजनीतिक सम्बन्धले सहरलाई कसरी आकृत गर्दोरहेछ भन्ने बुझ्न सकिन्छ । फैलँदो सहरभित्र र वरिपरि रहेका अथवा पैदा हुने प्राकृतिक र मानवजन्य खेरलाई स्रोत ठान्ने सहरी अर्थतन्त्रमा त्यस्तो स्रोतमाथि शक्तिशालीहरूले स्वामित्वको दाबी गर्छन् र त्यही सहरका सीमान्तीकृत समूह-समुदायहरूले कसरी त्यस्ता दाबी निरस्त गरिरहेका हुन्छन् भन्ने पनि बुझ्न सकिन्छ ।

कबाड व्यापारको साङ्गोपाङ्ग अध्ययन दुईओटा विधिबाट गर्न सकिन्थ्यो । पहिलो, कुनै खास कबाडलाई त्यसको प्रादुर्भावदेखि विलयसम्म पछ्याउन सकिन्थ्यो । जस्तो, कुनै घरबाट फ्यालिएको प्लास्टिकको झोला कसरी पानी लैजाने कालो पाइप बनेर बजारमा फिर्छ अनुगमन गर्न सकिन्थ्यो । यो विधिबाट कबाडको पुनर्प्रयोग र पुनर्विन्यासमा लाग्ने पूँजी, श्रम र प्रविधिबारे तथा यी सबै प्रक्रियामा संलग्न मानिस र तिनको वृहत्तर समाजसितको अर्थ-राजनीतिक सम्बन्धबारे तथ्याङ्क फेला पार्न सकिन्थ्यो । उपलब्ध समय र स्रोतभित्र यस्तो कालक्रमिक र भौगोलिक विधि सम्पन्न गर्नु सजिलो थिएन । त्यसबाहेक, कबाड व्यापारको विद्यमान आकार र संरचनासम्म ठम्याउन यो प्रवाह-विधि अपरिहार्य पनि होइन । त्यसैले, प्रतिवेदकद्वयले दोस्रो, तुलनात्मक हिसाबले सुविधाजनक विधि छाने । तिनले उपत्यकामा छरिएर रहेका कबाड पसललाई आफ्नो अध्ययनको आँखिभ्याल माने । तिनमा भित्रिने र बाहिरिने कबाडको मात्रा र मूल्य, तिनको साङ्गठनिक संरचना र तिनमा संलग्न व्यक्ति समूहको पृष्ठभूमिलाई आफ्नो अध्ययनको बुँदा तय गरे । कबाड पसललाई स्थानीय र स्थानेतर अर्थ-राजनीतिक सन्दर्भ र सम्बन्धमा गाँस्न खोजे । निश्चय नै, यो सर्वेक्षणले समग्र कबाड व्यवसायको अर्थ-राजनीतिक महत्त्व झल्किने केही सरदर सङ्ख्या, मोटामोटी परिमाण र संरचनाको खाकासम्म इङ्गित गर्ने हो, त्यसको अर्थ-राजनीतिको विशिष्टता वर्णन गर्ने होइन ।

यो अध्ययनका प्रतिवेदकद्वयमध्ये तीर्थ विष्ट उपत्यकाका विभिन्न ठाउँका फरक फरक प्रकारका कबाड पसलमा पुगे । कबाड व्यवसायमा संलग्न मानिसहरूसित अनौपचारिक कुराकानी गरे । आफ्नो स्थलगत अवलोकनको टिपोट तयार गरे । कबाड व्यवसायमा प्रचलित खास भाषा र प्रचलन बुझ्न सर्वेक्षण प्रश्नावली तयार गरे,

त्यसलाई केही कबाड व्यवसायीहरूमाभ परीक्षण गरे । प्रश्नावलीलाई परिमार्जित गरे र ४९ ओटा कबाड पसलमा गई त्यो प्रश्नावली सोधे, भरे । प्राप्त उत्तरलाई अवलोकनबाट जाँचे । फरक फरक पसलबाट आएका जवाफलाई एक-आपससित दाँजे । उपत्यकाका निर्यात नाका, सिसडोलको फोहोरमैला डम्पिङ साइट र नेपाल-तराईमा स्थापित उद्योगधन्दा घुमे । प्राप्त तथ्याङ्क र व्याख्यालाई काठमाडौं महानगरपालिकाको फोहोर मैला व्यवस्थापन एकाईका कागजातसँग भिडाए । कबाड क्षेत्रको अनुसन्धान गरिरहेका अन्तर्राष्ट्रिय र नेपाली गैससले तयार गरेका प्रतिवेदनसित रुजु गरे । त्यसपछि अर्का प्रतिवेदक योगेश राजसँग मिली यो प्रतिवेदनको अन्तरिम खाका तयार गरे । तीर्थ विष्टले यो अध्ययनका निष्कर्षलाई मार्टिन चौतारीको नियमित छलफलमा प्रस्तुत गरे । कार्यक्रमका सहभागीहरूले दिएका सुझावलाई सक्तो समेटेर प्रतिवेदकद्वयले यो प्रतिवेदनलाई अन्तिम रूप दिएका हुन् ।

काठमाडौं उपत्यकामा धेरै किसिमका गरी जम्मा ८०० कबाड पसल छन् भन्ने यो अध्ययनले देखाउँछ । भित्रिने सामग्रीका आधारमा त्यस्ता पसललाई साधारण र विशिष्ट भनी दुई थरी छुट्ट्याउन सकिन्छ । यो वर्णनात्मक र विश्लेषणात्मक विभाजन हो । साधारण कबाडमा फेरिया/रिक्सावालाहरूले सामग्री लिएर आउँछन् । यस्ता एउटै कबाडमा प्लास्टिक, फलाम, कागज, काटुन, कपडा, ड्रम, पाइप, पोलिथिन झोला आदि विविध सामग्री भित्रिन्छन् । विशिष्ट प्रकृतिका कबाड भने कुनै एक वा दुईओटा सामग्रीमा मात्र केन्द्रित हुन्छन् । तिनले कबाडको थोक र संकेन्द्रित आपूर्ति गर्छन् । यो सर्वेक्षणबाट यिनले बर्सेनी ८,००० टन प्लास्टिक; ४,००० टन पोलिथिनको झोला; २८,००० टन फलाम; ११,००० टन कापीकिताब; १०,००० टन काटुन; ३,५०० टन कतरन; र १,५०० टन कपडा पुनर्विन्यासतिर लैजान्छन् भन्ने देखाउँछ । साधारण र विशिष्ट दुवै खाले कबाड पनि तिनले ओगटेको जग्गाको क्षेत्रफल, तिनको कारोबारको प्रकृति र आयतन/परिमाण, तिनमा संलग्न कामदार र फेरियाको सङ्ख्याका आधारमा साना, मझौला र ठूला गरी तीन प्रकारका रहेछन् । यसरी छुट्ट्याउँदा करिब ५०-६० प्रतिशत पसल मझौलो २० देखि ३० प्रतिशत सानो र १० देखि २० प्रतिशत ठूलो कबाड पसल देखिन आउँछन् । फेरिया, रिक्सावाला, बोरावाला/फोहरबाट टिप्ने/'खाते', फोहर बोक्ने गाडी, ठेकेदार (घर भत्काउने/बनाउने) तथा कबाड मालिकको आफ्नै पहलमा कबाड यस्ता पसलसम्म आइपुग्छ । यसरी सङ्कलित सामग्रीमध्ये केही सामान्य सरसफाई र मर्मत गरेपछि स्थानीय ग्राहकहरूले कबाड पसलबाटै किन्छन् । बाँकी सामग्री 'पाटी' भनिने डिलरवालाले किन्छ र, पुनर्विन्यास र पुनरुत्पादनका लागि नेपालका कारखाना अथवा तराई हुँदै भारतका कारखानासम्म लग्छन् । उपत्यकामा धेरैजसो कबाड धनी तथा फेरिया भारतको मोतिहारी तथा सीतामढी जिल्लाका छन् । २०६६ सालयता यो व्यवसायमा नेपालकै मधेसी र पहाडिया व्यक्तिहरूको संलग्नता पनि बढ्दैछ ।

अध्ययनले काठमाडौं उपत्यकामा रहेका ८०० ओटा कबाड पसलले घटीमा मासिक अठार करोड रुपैयाँको कारोबार गर्छन् भन्ने देखाउँछ । यसबाट उपत्यकाको कबाडले बर्सेनी दुई अर्बभन्दा बढीको कारोबार गर्ने देखापर्छ । थोरै कबाड पसल मात्र आन्तरिक राजश्व कार्यालय अथवा नगरपालिका र गाउँ विकास समिति (गाविस)मा दर्ता भएका छन् । तिनमा काम गर्ने कर्मचारीहरू तथा फेरियाहरू पनि अनौपचारिक कामदार हुन् । कबाड व्यापारलाई स्थानीय स्रोतसरह मानेर औपचारिक अर्थतन्त्रको घेराभित्र ल्याउन मन्त्रिपरिषद्ले २०५२ देखि जिल्ला विकास समिति (जिविस)हरूलाई कबाडको बिक्री र निर्यातमा कर उठाउने अनुमति दियो । उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर जिविसले संयुक्त रूपमा त्यो वर्ष ३०-३५ लाख रुपैयाँ कबाड कर उठाउन सक्थ्यो । कबाड करबाट प्रशस्त आम्दानी देखेपछि यसलाई ठेक्कामा लगाइयो । आव २०६५/६६ मा कबाडको व्यापार र निकासी करमा पाँच करोड ८५ लाख रुपैयाँको ठेक्का लागेको थियो । स्थानीय ढाटहरूको कर असुलीले व्यावसायिक लागत बढायो भनेर २०६६/६७ को बजेट भाषणबाट यो कर हटाइयो । अहिले कबाड सामग्रीको ओसारपसारमा दर्ता गरिएका थोरै कबाड पसलले व्यवसायकर र आयकर तिर्छन् । यो क्षेत्रबाट राज्यकोषमा अरू केही जाँदैन ।

कबाड व्यवसायमा लाग्नेहरूको आम्दानी र नाफा राज्य-इतर माध्यमबाट पुनर्वितरित भने हुन्छ । प्राकृतिक स्रोत दुहने अरू व्यवसायमा झैं कबाड व्यापारमा पनि चन्दा र 'हप्ता' असुल्ने तथा स्रोतमाथि एकाधिकार र वर्चस्व कायम गर्ने राजनीति व्याप्त छ । उपत्यकाका कबाड पसलेहरू यस प्रकारका समस्या थेग्न, राज्य र तेस्रो पक्षउपर सामूहिक र सशक्त दबाब दिन, र यो व्यवसायलाई व्यवस्थित बनाउन भनेर भिन्न भिन्न कबाड सङ्घमा आबद्ध भएका छन् । यस्ता सङ्घको नेतृत्वतहमा कबाड व्यापारीभन्दा पनि फाइदाजनक लेनदेनको सीप र बल भएका वा त्यस्तो रणनीति जानेका बाहिरियाहरू पुगेको देखिन्छ । यिनीहरू राजनीतिक दलगुटका मध्यमस्तरका नेता र स्थानीय भातृसङ्गठनका सहयोगी हुन्छन् र तिनीहरूबाटै संरक्षित पनि हुन्छन् ।

यो अर्थ-राजनीतिक संरचना हेर्दा कबाडलाई वातावरणीय समस्याको रूपमा लिनु, र जोखिमपूर्ण वस्तुसरह त्यसको व्यवस्थापनको उचित विधि र नीति खोज्नु वाञ्छनीय होला, पर्याप्त छैन । किनभने वातावरण संरक्षणको मुद्दाले आर्थिक वृद्धिको अहिलेको खाकामा केही आंशिक सुधार मात्र ल्याउन सक्छ, मौलिक परिवर्तन ल्याउन सक्तैन । कबाडलगायत 'खेर' गएका स्रोतको पुनर्प्रयोग र पुनर्विन्यासलाई सम्भ्रान्त चिन्ता बनाउन सकिएला । पुनरुत्पादित वस्तुलाई हरित अर्थतन्त्रको नमूनाको रूप प्रस्तुत गरेर अभिजातवर्गको नैतिकता पनि झकझकाउन सकिएला । तर 'खेर' वस्तुको उत्पादन घटाउन प्राथमिक स्रोतसाधनको संयमित र सीमित सदुपयोग, 'खेर' नपठाउने संस्कृतिको प्रवर्द्धन, र

उत्पादित वस्तुको खपतै कम गर्ने मितव्ययितालाई आर्थिक एजेण्डाको रूपमा स्थापित गर्न सक्तैन ।

कबाड व्यापार संसारभरका गरिब समाजमा स्वीकृत महत्त्वपूर्ण गतिविधिको व्यवसायकरण हो । विपन्न समाजमा सरसमानको मूल्य कहिल्यै शुन्यमा झर्दैन । किनभने त्यहाँ चीजबिजको मूल्याङ्कन तिनको उपयोगिताबाट तय गरिन्छ, स्वामित्वको आकांक्षाले निर्देशित हुँदैन । त्यस्ता समाजमा भौतिक वस्तुको अमरत्व स्वीकारिन्छ । त्यहाँ वस्तुले पुनर्जन्म पाइरहन्छन् । तिनले प्रयोग र विन्यासका धेरैओटा जीवनचक्र पूरा गर्छन् । गरिब समाजमा रहेको परम्परागत आर्थिक पुनरुत्पादनको यो सूत्र सहरीकरणको संक्रमणले कबाड अर्थतन्त्र बन्यो । परम्परागत पुनर्प्रयोग र पुनर्विन्यासका आवश्यकताको व्यावसायिक रूप कबाड हो । कबाडको अन्वेषणले कुनै वस्तु 'खेर' नपठाउने समाज कस्तो खाले अर्थ-राजनीतिक परिवर्तनपछि 'खेर'को मूल्य तोक्ने समाज बन्छ, बुझ्न सहयोग पुऱ्याउँछ । यो प्रतिवेदनले त्यस्तो उद्देश्य बोकेर चालिएको प्रारम्भिक अध्ययनको निष्कर्ष प्रस्तुत गरेको छ । तर यो सानो प्रयासले कबाड व्यवसायलाई मुख्यत: आर्थिक महत्त्वको विषय, र प्रकारान्तरले मात्र वातावरण-मैत्री गतिविधि मात्नु नीतियुक्त हुनेछ भन्ने देखाउँछ ।

ॐ

# शब्दार्थ

| | |
|---|---|
| कबाड | पुनर्प्रयोग वा पुनरुत्पादन गर्न सकिने पुराना वा खेर गएका फलाम, प्लास्टिक, कागज आदि वस्तु । कबाडी शब्दको पर्यायवाची । कबाडी सामान किनबेच गर्ने पसल, व्यवसाय र व्यवसायीलाई बुझाउन समेत यो शब्द प्रयोग गरिन्छ । |
| कचरा | भाँचिने, फुट्ने खाले कडा प्लास्टिकका सामग्री । कचरामा धेरै प्रकार-भेद छन् । भारतमा १५० भन्दा बढी प्रकारले कचरा छुट्टयाइन्छ । |
| कबाडी | कबाड शब्दको पर्यायवाची । |
| काटुन | सामान प्याक गर्ने कागजको खोल । |
| कामदार | मजदुर शब्दको पर्यायवाची । |
| कारोबार | कबाडको किनबेच गर्ने प्रक्रिया र त्यसको मात्रा । |
| कुचा | बाक्लो प्रकारको फलाम वा फलामका टुक्रा । यस्तो फलामका लागि टिना (तल हेर्नुस्) जस्तापातालाई भन्दा कम केमिकल लाग्ने भएकाले पुन:प्रशोधन सस्तो पर्छ । |
| कोठा भाडा | कोठा बहाल । |
| खाते | बाटोमा फालिएका पोलिथिन व्याग, मिनरल वाटरका बोतलजस्ता कबाडी सामान टिप्ने एक प्रकारका बोरावाला । यिनीहरू प्रायः सडकमा नै वास बस्छन् । |
| खेर-स्क्रेप | पहिलेको अवस्थाभन्दा भिन्न, फालिएका वा पुराना, बिक्रीयोग्य कबाड/कबाडी वस्तु । |
| गद्दीवाला | कबाडपसले वा कबाड धनी । |
| गुडिया | नफुट्ने खालका प्लास्टिकका भाँडा, बट्टा आदि । |
| चन्दा | विभिन्न सङ्घसंस्था वा राजनीतिक दलका लागि खर्च जुटाउन व्यवसायीहरूसँग पैसा माग्ने काम । चन्दा सधैँ स्वेच्छिक नहुन सक्छ । |
| चिम्की | खानेकुराको प्याकिङमा प्रयोग हुने, टल्कने एक प्रकारको आलमुनियमको झिल्ली । |
| जुत्ताको तलुवा जुत्ताको सोल/ | पुराना जुत्ताको पैतालाको भाग । |
| टिना | राङ मिस्सेको फलाम । त्यसबाट बनाइएका ड्राङ र भाँडा । |
| ठूलो कबाड | लिलाम र ठेक्कामार्फत एकैचोटी धेरै कबाड किन्ने पसल अथवा १४-१५ जनाभन्दा धेरै फेरिया राखेर धेरै मात्रामा कबाड सङ्कलन गर्ने पसल । |
| डन्डी | घर-पुल आदि संरचना बनाउँदा प्रयोग भएका रडका टुक्रा । |
| डाइ | प्लास्टिकका भाँडा, पाइप आदि बनाउने काममा प्रयोग हुने साँचो । फ्रेम । मोल्ड । |
| डिलर | साना कबाडबाट सामान सङ्कलन गरेर कारखानालाई सामान बेच्ने व्यवसायी । पाटी हेर्नू |
| डिलरवाला | पाटीको पर्यायवाची शब्द । |
| ढेला | प्लास्टिक पुनर्प्रयोग गर्दा पुराना प्लास्टिकलाई गालेर बनाइएको डल्लो । |
| दाना | प्लास्टिकका सामान बनाउन चाहिने विभिन्न आकारका मसिना दाना । यस प्रकारको दाना पुनर्प्रयोग वा नयाँ कच्चापदार्थ दुवै स्रोतबाट बनाइन्छ । |
| नाइलन | जाली, चप्पल, पानीको पाइप, चप्पलको फित्ता आदिमा प्रयोग हुने प्लास्टिक । |
| पाटी | कबाड पसले र कारखानाबीच रहेर काम गर्ने ठूला कबाड धनी । |
| पासाङ | कबाड जोख्ना तराजुमा थपिने तौल । |
| पुनरुत्पादन | कबाडबाट पहिलेकै प्रयोजनका लागि नयाँ सामग्री बनाउने काम । |
| पुनर्प्रयोग | कबाडी सामानलाई त्यसको पुरानै स्वरूप, पहिलेकै वा फरक प्रयोजनमा ल्याउने काम । पुनर्विन्यास कबाडबाट फरक प्रयोजनका लागि नयाँ सामग्री बनाउने काम । |
| पेपर | पुराना पत्रिका र अखबार । |
| फेरिया | प्रायः साइकल प्रयोग गरी घरघर डुलेर कबाडी सामान खोज्ने व्यक्ति । साइकल लैजान अप्ठ्यारो पर्दा केही फेरिया पीठमा बोरा बोकेर हिँड्छन् । |
| बोरा गोदाम | फेरियाहरूबाट पुराना बोरा खरिद गर्ने र त्यसलाई च्यातेर, काटेर, जोडेर अर्कै स्वरूपमा ओसारपसार गर्ने, बोरा बिक्री गर्ने पसल । |
| बोरावाला | पीठमा बोरा बोकेर प्रायः बाटामा फालिएका सामग्री सङ्कलन गर्ने व्यक्ति । उनीहरूमध्ये कोही सडकमा बस्छन् भने कोही सपरिवार डेरामा बस्छन् । साइकल नचढी बोरा प्रयोग गर्ने फेरियालाई पनि 'बोरावाला' शब्दले जनाइन्छ । |
| मजदुर | कबाड पसल वा पाटीका लागि ज्यालादारीमा वा मासिक रूपमा पैसा पाउने गरी काम गर्ने व्यक्ति । |
| मझौलो कबाड | ५-६ जनादेखि १३-१४ जनासम्म फेरिया भएका वा फेरियाको सङ्ख्या थोरै भए पनि लिलाम वा ठेक्काबाट सामान खरिद गर्ने मध्यम स्तरको व्यापार गर्ने पसल । |
| रद्दी कागज | पुराना कागज, किताब, कापी तथा पत्रपत्रिका । |
| रिक्सावाला | नगरपालिका वा गाविसमा घरघर डुलेर फोहर सङ्कलन गर्न रिक्सा प्रयोग गर्ने निजी कम्पनीका कर्मचारी । |
| विशिष्ट कबाड | कुनै एक-दुई प्रकारका कबाड मात्र खरिद बिक्री गर्ने पसल । |
| साधारण कबाड | एउटै पसलमा धेरै प्रकारका सामग्री जम्मा हुने कबाड पसल । |
| साना कबाड | मासिक वा वार्षिक रूपमा थोरै आर्थिक कारोबार गर्ने पसल जसमा काम गर्ने परिवार तथा कामदारको सङ्ख्या पनि कम हुने गर्छ । |
| स्रोत व्यक्ति | कबाड सामग्री सङ्कलन गर्ने पसल वा त्यसका लागि काम गर्ने फेरियालाई सामग्री बेच्ने व्यक्ति । |

| | |
|---|---|
| हप्ता | प्रति हप्ता वा यस्तै निश्चित अवधिमा व्यवसायीहरूबाट नियमित पैसा असुल्ने कार्य । |
| हेबी फलाम | गाडी/मेसिनका ठूला पार्टपूर्जा वा घर-पुलजस्ता संरचनामा प्रयोग हुने ठूला फलाम । |
| सलामी | कबाड तौलिंदा साहुलाई छुट्याइने थप अंश । |

# अध्ययनका परिणाम

## १। कबाडी व्यवसायको आकार

राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घ (राकव्याव्यसं)ले २०६७ मा गरेको सर्वेक्षणअनुसार काठमाडौं उपत्यकामा साना-ठूला कबाड पसल तथा डिलरको कूल सङ्ख्या १,५०० थियो । २०६९ को अन्त्यतिर त्यो सङ्ख्या १,६०० देखि १,७०० सम्म पुगेको सङ्घले दाबी गरेको छ ।[1] सदस्य सङ्ख्या बढाउँदा सङ्घको प्रतिनिधित्व र वैधानिकता बलियो हुन्छ । सङ्घको दुवै तथ्याङ्कको विश्वसिलो आधार भेटिँदैन । सङ्घको स्थायी सचिवालय छैन र अभिलेख पनि अद्यावधिक छैन । यो अनुमानलाई अधिकतम सङ्ख्या मात्र ठिक हुन्छ । तर यही सङ्घले २०६८ पुस १ गते बाफल, सीतापाइलाका गौरीशंकर कुमारलाई बाँडेको सदस्यता प्रमाणपत्रको क्रमसङ्ख्या ५५१ छ ।[2] यो नै अहिलेसम्म भेटिएको, मिति र क्रमसङ्ख्याको उल्लेख भएको पछिल्लो प्रमाणपत्र हो ।[3] यताबाट सङ्घले ५५० भन्दा बढी सदस्य बनाएको थियो भन्ने बुझिन्छ ।[4] उपत्यकामा कबाड पसल र डिलरको सङ्ख्या यसरी ५५० देखि १,७०० बीच हुनुपर्छ भन्न सकिन्छ ।

सङ्घले पुराना जुट र प्लास्टिकका बोरा र घरटहरा भत्काउँदा आएका झ्यालढोकालगायत काठका सामग्री सङ्कलन र बिक्री वितरण गर्ने व्यवसायलाई कबाड मानेको देखिँदैन । त्यस्तै यान्त्रिकी, विद्युतीय र इलेक्ट्रोनिक सरसामानको मर्मत, पाटपूर्जा साट्ने र फेर्ने व्यवसायलाई पनि सङ्घको सदस्यता दिइएको देखिँदैन । पुरानै बोरालाई फरक फरक आकारप्रकारमा सिएर बेच्ने पसललाई सङ्घले 'बोरा गोदाम' भन्ने छुट्टै कोटीमा दरेका छन् ।[5] काठका चौकोस, खापा, दराज आदिलाई मर्मत गरेर वा सीधै बेच्ने पसललाई पनि कबाड सङ्घमा समेटिएको छैन । स्थानीय स्तरमा सहजै पुनर्प्रयोग हुन सक्ने र कबाडको रूपभन्दा महँगा तर बिग्रेका ठानिने सिलाईकलजस्ता घरेलुयन्त्र, रेडियो, ट्रान्जिष्टर, कम्प्यूटरजस्ता क्लीष्ट उपकरण, र चिम, ब्याट्रीजस्ता विद्युतीय उपकरणको कारोबार गर्नेहरू आफूलाई कबाडमा गन्दैनन् । सङ्घले पनि तिनलाई सदस्य बनाएको छैन । तर पसलमा भित्रिने सामग्रीको अवस्था, तिनको सङ्कलनको अर्थसंरचना र कारोबारीहरूको पृष्ठभूमि उस्तै भएकाले बोरा, काठका सामान र अन्य पुराना प्रोद्योगिक सरसामान बेच्ने पसललाई कबाडको कोटीमा राख्न सकिन्छ ।

युरोपियन युनियनको आर्थिक सहयोगमा सीआइयूडी (सेन्टर् फर् इन्टिग्रेटेड् अर्बन् डिभ्लप्मेन्ट्)द्वारा सञ्चालित प्राक्टिक्अल् आयक्सन्को प्रिज्म् परियोजनाको प्रचारसामग्रीमा उपत्यकाका पाँच महानगरपालिकामा ७०० देखि ८०० ओटा कबाड 'डिलर'हरू रहेको उल्लेख छ । यो अनुमान परियोजना थाल्नुअघिको एकसरो अध्ययनमा आधारित थियो ।[6] केही समयपछि परियोजनाकारहरूले आन्तरिक प्रयोजनको निम्ति आधार-रेखा सर्वेक्षण गर्दा त्यो सङ्ख्या ४५० निस्कियो । यो अप्रकाशित सङ्ख्या पनि भरपर्दो देखिँदैन । परियोजनामा संलग्न अधिकारीहरूले उपत्यकाका पाँचओटा नगरपालिकामा जम्मा १६५ जना कबाड धनी पहिचान ('आइडेन्टिफाइड्स्क्रेप् अनर्') गरेका छन् । यिनमा काठमाडौं महानगरपालिकाभित्र ११५, कीर्तिपुर, ललितपुर, भक्तपुर र मध्यपुर नगरपालिकाहरूमा क्रमश: १, ३०, ९, र १० कबाड धनी तिनले फेला पारेका छन् । चौतारी सर्वेक्षणमा भक्तपुर नगरपालिकाभित्र मात्र ६० ओटा कबाड पसल भेटियो । यसमा बोरा र काठ कबाडलाई घटाउने हो भने पनि प्रिज्म्को सङ्ख्या-निर्धारण विधि त्रुटीपूर्ण देखिन्छ । त्यस्तै, प्रिज्म्को घोषित कार्यक्षेत्र उपत्यकाको पाँचओटा नगरपालिका भएकाले गाविसअन्तर्गत पर्ने कबाड पसललाई त्यसले समेटेको छैन । चर्को भाडा नतिर्न धेरै कबाड व्यवसायीहरूले चक्रपथबाहिरका गाविसमा आफ्नो पसल लगेका छन् । यी सबै तथ्य मनन् गर्दा काठमाडौं उपत्यकामा सबैखाले पुराना सरसामानको कारोबार गर्ने अहिले ८०० ओटा कबाड पसल छन् भन्नु युक्तिसङ्गत हुन्छ ।

[1] राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घ (राकव्याव्यसं)का पूर्व महासचिव ज्ञानेन्द्र बुढाथोकीसँग २०६९ फागुन २ मा गरेको कुराकानी ।

[2] सदस्यताको प्रमाणपत्रमा सङ्घको संस्था दर्तानम्बर २२२/०६८/०६९ उल्लेख छ । यसको सुरुआत भने २०६५ मा सम्पन्न टेकु-भेलाबाट भएको थियो । प्रमाणपत्रमा सङ्घको स्थापना साल २०६५ नै लेखिएको छ । २०६८ ताका सक्रिय देखिएको यो संस्था पछि निष्क्रिय भयो । २०६९ मा महेश शाह (कलवार)लाई अध्यक्ष पदबाट हटाइएपछि सङ्घ कबाड पसलेहरूको सम्पर्कमा आउन छोडेको छ ।

[3] सङ्घको सदस्यता प्रमाणपत्रको आधारमा केही भारतीयले नेपाली नागरिकता लिएको भेटिएपछि प्रमाण-पत्र वितरण रोकिएको ज्ञानेन्द्र बुढाथोकीले बताए । महेश शाह (कलवार)ले चाहिँ सङ्घको प्रमाणपत्र व्यक्तिलाई नभई पसललाई दिने गरिएको बताए । अरू कुनै कबाड सङ्घले यसरी प्रमाणपत्र वितरण गरेको देखिँदैन । महेश शाह (कलवार)सँग २०६९ चैत २२ गते गरेको कुराकानी ।

[4] उपत्यकाका कबाड व्यवसायीहरूको नेतृत्व दाबी गर्ने अरू कबाड सङ्घ पनि छन् । पञ्च तामाङ लामा अध्यक्ष रहेको नेपाल कबाडी सङ्घ, सरोज श्रेष्ठ कोषाध्यक्ष रहेको नेपाल कबाड व्यवसाय व्यवस्थापन समिति – २०५९, नेपाल लोडिङ-कबाड व्यवसाय सङ्घ, पुनः प्रयोग तथा प्रशोधन वस्तु व्यवसाय सङ्घ, नेपाल राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घ – २०६४ (नेराकव्याव्यसं) आदि कबाड सङ्घ अस्तित्वमा थिए वा छन् ।

[5] बोरा गोदामवालाहरूको छुट्टै सङ्घ स्थापना गर्न आफूले भूमिका खेलेको राकव्याव्यसंका पूर्व अध्यक्ष महेश शाह (कलवार)ले बताए । कलवारसँग २०६९ चैत २२ मा गरेको कुराकानी ।

[6] प्रिज्म्का कार्यक्रम संयोजक नवीनविकास महर्जनसँग २०६९ चैतमा गरेको कुराकानी ।

उपत्यकामा कबाड पसलको सङ्ख्या बर्सेनी बढिरहेको छ । नगरपालिकाले अन्य व्यवसाय व्यापार झैं कबाडलाई पनि दर्ता गरेर कर उठाउँछ । राजस्व कार्यालयले वार्षिक कारोबारको आधारमा आयकर लिने गर्छ । तर प्राय: कबाड भने नगरपालिका अथवा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएका छैनन् । सोधपुछ गर्न आउनेहरूलाई तिनीहरूले कर कार्यालयबाट आएका मानिस भन्ठानेर आफ्नो पसल भर्खरै सुरु गरेको भन्छन् । यो सर्वेक्षणबाट झण्डै दुई तिहाई कबाड पसल तीनवर्षभन्दा पुराना होइनन् भन्ने पत्तो लागेको छ (चित्र १) । यो हिसाबले कबाड पसलको सङ्ख्या प्रत्येक



चित्र १ : कबाड पसल कहिले थालेको ?

डेढ वर्षमा दोब्बर थपिँदै छ । उपत्यकामा कबाड कारोबारको आकार निर्क्योल गर्दा यसको द्रुततर वृद्धिदरको लेखाजोखा हुनुपर्छ । त्यसबाहेक कबाड पसलको सङ्ख्याले कारोबारको आकार इङ्गित मात्र गर्ने हो, परिमाण बुझाउने होइन भन्ने हेक्का राख्नुपर्छ । न त्यस्ता गतिविधिमा संलग्न श्रम, पूँजी र प्रविधि कबाड पसलमा हुने गरिने काममा नै अड्ने हो । कबाड पसलको सङ्ख्या र तल वर्णित वस्तुविनिमयले कबाड व्यवसायको अर्थ-राजनीतिक महत्त्व सिद्ध गर्छ । सहरीकरण र आप्रवासनले गर्दा कबाडको उत्पादन पनि बढ्दै जाने भएकोले उपत्यकाको अर्थतन्त्रमा कबाड व्यापारको हिस्सा अझ बढ्दै जाने स्पष्ट छ । र, त्यो व्यवसायको समग्र अर्थ-राजनीतिक महत्त्वबारे टिप्पणी गर्न स्रोतदेखि पसलसम्म र पसलदेखि पुनर्विन्यास उद्योग हुँदै प्रयोगकर्तासम्म कबाड वरिपरि व्यवसायको आकलन गर्नुपर्ने हुन्छ । कबाड उत्पन्न भएदेखि समाजोपयोगी वस्तु-संसारमा लीन नभएसम्मको गतिविधिलाई कबाड पसलले समेट्दैन भन्ने हेक्का राख्नुपर्छ ।

कबाड व्यवसायको आकारबारे मत बनाउन पसलको सङ्ख्याबाहेक किसिम पनि महत्त्वपूर्ण हुन्छ । कबाड पसलको अर्थशास्त्रलाई आम्दानीखर्च वासलातको आधारमा बुझ्न सकिँदैन । कबाड पसलले ओगटेको क्षेत्रफल, त्यहाँ जम्मा सामग्रीको परिमाण, त्यसको कारोबारको स्वरूप र आयतन/परिमाण, काम गर्ने कामदारको सङ्ख्या र रोजगारीको प्रकृति, र कुनै कबाडको निम्ति काम गर्ने फेरियाहरूको सङ्ख्याले पसलको आर्थिक क्षमता र सम्भावना अनुमान गर्न मद्दत पुऱ्याउँछ । यी आधारमा उपत्यकाका सबै खाले कबाडलाई साना, मझौला र ठूला गरी तीन कोटीमा बाँड्न सकिन्छ । यसरी हेर्दा सर्वेक्षण गरिएका ४९ पसलमध्ये आधाभन्दा अलि बढी (५१.०२ प्रतिशत) कबाड पसल मझौला खालका छन् । झण्डै एक तिहाई (२८.५७ प्रतिशत) पसललाई सानो वर्गमा राख्न सकिन्छ । सयकडा बीस पसल चाहिँ ठूला छन् (चित्र २) ।

शुन्यदेखि पाँचजनासम्म फेरिया वा रिक्सावालाले सामान आपूर्ति गर्ने पसल सानो कबाडमा गनिएको छ । साना कबाड फेरिया, फोहोरको थुप्रोबाट प्लास्टिक र अरू सामग्री टिप्ने/बोरावाला/'खाते'हरू, नगरपालिकाका लागि घरघर घुमी रिक्शामा फोहर सङ्कलन गर्नेहरू, र नगरपालिकाको फोहोर बोक्ने गाडीले ल्याउने सामग्रीको भरमा चल्छन् । केही साना कबाडमा फेरिया बस्तैनन् । तिनको आपूर्ति अरू कबाडमा काम गर्ने फेरियाबाट अथवा कोठा भाडामा लिएर बसेका स्वतन्त्र फेरियाबाट हुन्छ । त्यसका लागि तिनले चलेको दरभाउभन्दा एक दुई रुपैयाँ बढी तिर्नुपर्ने हुन्छ । केही मझौला आकारका कबाडमा पाँच/छजना फेरिया नहुन सक्छन् । तर तिनीहरूले साना कबाडले भन्दा बढी सामग्री जम्मा गरेर राखेका हुन्छन् । यसरी सामान थुपार्ने र उचित मूल्य नआएसम्म नबेची राख्ने आर्थिक हैसियत भएकालाई सानो कबाडको कोटीमा राख्न मिल्दैन । फेरिया थोरै भए पनि तिनलाई मझौलो खालको कबाड मानिएको



चित्र २ : कबाड पसलको आकार

छ । त्यसबाहेक, कबाड सामग्री ल्याउनेहरूसित तिनको सम्बन्ध साना कबाडको तुलनामा दीगो हुन्छ । तिनीहरूले आफ्नै पहलमा सानो-तिनो लिलाममा सामग्री किन्न सक्छन् । ठूला कबाडले १५-२० जना वा त्योभन्दा पनि बढी फेरियालाई राखेका हुन्छन् । केही ठूला कबाडको लागि सरकारी वा संस्थागत लिलाम र बोलकबोल

सामान आपूर्ति गर्ने मुख्य माध्यम हुन्छ र यस्ता ठूला कबाडले फेरियाबाट सामग्री लिँदैनन् । यो सर्वेक्षणले फेरिया/रिक्सावाला चाहिने कबाडमध्ये पाँच/छ जनाभन्दा कम फेरिया/रिक्सावाला भएका आधाभन्दा केही बढी (५३.४९ प्रतिशत) र सातदेखि १३/१४ जना भएका एक तिहाईभन्दा अलि कम (२७.९१ प्रतिशत) कबाड रहेको देखाउँछ । सयकडा दसजोटा (११.६३ प्रतिशत) कबाडमा भने १५ जनाभन्दा माथि फेरिया बस्छन् । फेरियाको सङ्ख्या र कबाड पसलको आकारबीच किञ्चित् तादात्म्य भने छ (चित्र ३) ।




चित्र ३ : कबाडपिच्छे फेरियाको संख्या

भित्रिने सामग्रीका आधारमा काठमाडौँ उपत्यकाका कबाड पसललाई साधारण र विशिष्ट गरी दुई वर्गमा बाँड्न सकिन्छ । कुनै कबाडमा पुराना फलाम, डन्डी, पुराना जस्तापाता, प्लास्टिकका टुटेफुटेका भाँडा, बट्टा, रक्सी बियरका बोतल, पत्रिका (जसलाई कबाडमा 'पेपर' भन्ने गरिन्छ), किताब, कापी, काटुनका टुक्रा, मिनरल वाटरका बोतल आदि धेरै प्रकारका सामग्री भित्रिन्छन् । यिनलाई साधारण कबाड भन्न सकिन्छ । अरू कबाड बोरा, फलाम, काटुन, प्लास्टिक तथा टिनका साना-ठूला ड्रम, गाडीका फलामे सामान, मोटरसाइकलका सामानजस्ता केही सीमित सामग्रीमा केन्द्रित हुन्छन् । तिनलाई विशिष्ट कबाड भन्न सकिन्छ । यो सर्वेक्षणमा तीन चौथाईभन्दा अलि बढी (७७.५५ प्रतिशत) साधारण खाले कबाड र बाँकी (२२.४५ प्रतिशत) विशिष्ट प्रकारका कबाड भेटिएका छन् ।

सञ्चालन खर्च र त्यसमा संलग्न मालिक, कामदार र फेरियाको आधारभूत जीवन निर्वाह गर्न पुग्ने नाफा कमाउन सकेन भने कबाड पसल बन्द हुन्छ । त्यति नाफा कमाउनु कारोबारको न्यूनतम शर्त हो । त्यति आम्दानी गर्न व्यवसायीले साधारण अथवा विशिष्ट कबाड सङ्कलन र बिक्रीको रणनीति बनाउने हो । तर कुन रणनीति अपनाउने भन्ने कुरा पसलको आपूर्ति-क्षेत्रमा कस्तो खाले कबाड उत्पन्न हुन्छ भन्ने तथ्यमा पनि भर पर्छ । पछिल्लो कुरा चाहिँ सम्बन्धित आपूर्ति-क्षेत्रको सामाजिक-आर्थिक स्तर र जीवनशैलीले निर्धारित हुन्छ । जस्तो, उच्च-मध्यमवर्गीय बसोबासको भेगमा महँगा बजारिया उपभोग्य वस्तुको खपत हुने र खेर जाने दुवै दर उच्च हुन्छ । औद्योगिक क्षेत्र आसपास त्यहाँका गैह्र उप-उत्पादन, औद्योगिक यन्त्रका पाटपूर्जा र उत्पादनप्रक्रियाका फोहोर बढी निस्कन्छ । कबाड विशिष्टीकरणको मात्रा र प्रक्रियाले त्यसैले उपत्यकाको अर्थतन्त्रको भौगोलिक संरचना र निवासीहरूको जीवनशैलीको बदलिँदो स्वरूप बुझ्न मद्दत गर्छ । रुचिपूर्ण लाग्दालाग्दै पनि विशिष्टीकरणको द्विकालिक तथ्याङ्क यो प्रारम्भिक सर्वेक्षणमा खोजिएन ।

## २। कबाड सञ्जालको संरचना तथा सङ्गठन

### २क। कबाड सङ्कलन

काठमाडौँ उपत्यकाका फेरिया, रिक्सावाला, बोरावाला/फोहरबाट टिप्ने/'खाते', फोहोर बोक्ने गाडीवाला, घरटहरा भत्काउने/बनाउने ठेकेदारमार्फत, ठेक्का अथवा लिलामबाट, तथा व्यक्तिगत सम्पर्कको आधारमा कबाड मालिक आफैले गरेर विभिन्न तरिकाले कबाड सङ्कलन गरिन्छन् । केही वस्तु ग्राहक वा व्यक्ति आफैले पनि कबाडमा बेच्न ल्याउँछन् । व्यक्तिविशेषबाट ल्याइने कबाड – खास गरेर मूल्यवान् कुरा – चोरीको हुनसक्ने भएकाले यो स्रोतदेखि कबाड व्यवसायी सतर्क रहन्छन् (चित्र ४) ।




चित्र ४ : कबाड सङ्कलन र वितरण श्रृंखला

कबाड सङ्कलन गर्ने मुख्य माध्यम भने फेरिया हो साइकल वा पिठ्यूँमा बोरा बोकेर 'खाली सीसी, पुराना कागज, कबाडी फलाम' वा यस्तै वाक्य ठुल-ठूलो स्वरमा कराउँदै 'फेरी'/फेरो लगाउने अर्थात् घुम्नेहरूलाई कबाड व्यवसायमा 'फेरिया' भनिन्छ । अधिकांश फेरियाले गल्ली-गल्ली, घर-घर चहार्न साइकल प्रयोग गर्छन् । फेरियाहरू कबाडको स्रोतसम्म आफै पुग्छन् र मोलतोल गरी कबाड

किन्छन् । तिनले पैसा तिरेर अथवा आलु, प्याज र नयाँ भाँडाकुँडासँग साटेर कबाड किन्छन् । पैसा तिरेरभन्दा सरसामान सटहीमा फेरियाहरूले बढी कमाउँछन् । तिनले कबाडी फलामको मोलमोलाइ र नयाँ भाँडाकुँडाको बिक्रीमूल्य दुवैबाट नाफा कमाउन पाउँछन् । अघिल्लोबाट नाफा थोरै हुन्छ । उदाहरणका लागि, तीस रुपैयाँ तिरेर लिएको 'कुचा' (बाक्लो खाले फलाम) तिनले कबाडमा लगेर बत्तीस रुपैयाँमा बेच्छन् । सटहीबारे तिनको रणनीति विशिष्टखाले हुन्छ । ती सुनिश्चित आय हुने धातुका सरसामग्री मात्र लिन्छन् । सस्तो हुँदा पुराना फलाम-प्लास्टिकसँग तिनले आलु/प्याज साटेपनि यिनै खाद्यसामग्रीको भाउ बढेपछि पैसै तिरेर कबाडी किन्ने गर्छन् ।

> फेरिया १, गौर (रौतहट)
>
> यिनी सात वर्षदेखि फेरिया छन् । पहिले चिनजान थिएन । कहाँ कस्ता सामान पाइन्छ जान्दैनथे । अहिले 'नेटवर्क' बन्दै गएको छ । राम्रो छ । वर्षमा २ महिना घर बस्छन् । पाँच बीघा खेत छ । नहर लाग्दैन, बोरिङको पानी पटाउनु पर्छ । कठ्ठाको ३ लाख मोल पर्छ । एकजना भाइ पनि छ । घर गएका बेला गहुँ भित्र्याउँछन् र घरका जरुरी काम सिध्याउँछन् । त्यसपछि काठमाडौं फर्किन्छन् । बल्खु चुनचुनको कबाड पसलमा २५ जना फेरियासँग बस्छन् । आफ्नो कबाडमा बसोस् भनेर कबाडी धनीहरूले फेरियाहरूलाई २० हजारसम्म पेश्की दिएका छन् । कटाउन नभनेसम्म पैसा कटाउँदैनन् । ३-४ जना मिलेर खाना बनाउँछन् । त्यस पसलमा उनीजस्तै आलुसित फलाम साट्ने ४-५ जना छन् । खाना खाएर दिनहुँ निस्केपछि साँझ बास फर्किन्छन् । आलु किन्दा १६ रुपैयाँ केजी पर्छ । फलाम र गुडियासँग बराबरीमा लेनदेन गर्छन् । फलाम ३२ रुपैयाँमा बेच्छन् । फाइदा यही हो भन्छन् । आलु महँगो भएपछि पैसा तिरेर किन्छन् र, ३० रुपैयाँ प्रतिकेजी फलाम लिन्छन् । १० केजी फलाम छ भने ८ केजीको अन्दाज लाउँछन् । फाइदा यसरी हुन्छ भन्छन् ।

फेरियाहरू फोहरको थुप्रोमा वा बाटामा फालिएका सामग्री टिप्दैनन् । फालिएका सामग्रीबाट छान्नेहरूलाई कबाडीमा संलग्न मानिस 'बोरावाला'/'फोहार टिप्ने/बिन्ने'/'खाते' जस्ता शब्द प्रयोग गर्छन् । बोरावालाहरू पैसा तिरेर सामान किन्दैनन् । तर कबाड वा अन्य साधारण कबाडमा नै आफूले सङ्कलन गरेको सामग्री बेच्ने गर्छन् । फेरियाले जस्तो बोरावालाहरूले कबाड सङ्कलन गर्न कुनै रकम लगानी गर्नु पर्दैन । त्यसैले बोरावालाहरू प्रायः पूँजीहीन पुरुष, असक्त महिला र बालबालिका छन् । यसरी कुनै छुट्टै पूँजी लगानी गर्न नपर्ने गरी घरेलु फोहर सङ्कलन गर्ने रिक्सावाला, फोहरका गाडी तथा बोरावालाहरूले पनि कबाडी सङ्कलन गर्छन् । काठमाडौं महानगरपालिका (कामनपा) भित्र घरघर धाएर फोहोर सङ्कलन गर्ने काम अहिले निजी कम्पनीले गर्छन् । यस्ता १८ ओटा कम्पनी कामनपाको सम्पर्कमा आएका छन् । यी कम्पनीले मासिक छ-सात हजार तलब दिनेगरी फोहोर सङ्कलकहरू राखेका छन् । कुनै कुनै कम्पनीले १३/१४ हजार तलब पनि दिने गरेका छन् । बढी तलब खानेले भने कबाड सामग्री छुट्याएर आफूखुशी बेच्न पाउँदैनन् । कबाडी सामान आफै बेच्ने कर्मचारीले रिक्सा/ठेलामा फोहर राख्ने बेलामा नै कबाडी सामग्री छुट्याउँछन् । त्यो कबाडी बेच्दा हुने आम्दानी उनीहरूको आफ्नो आम्दानी हुनेगर्छ ।

प्रायः यस्तो कबाडमा पोलिथिन व्याग, प्लास्टिकका फुटेका सामान, जुत्ता-चप्पल, कपडा, बियर तथा रक्सीका बोतलहरू, कागज, काटुनका टुक्रा आउने गर्छन् । रिक्शा ठेलाको माध्यमबाट कम फलाम आउने गर्छ । कबाडलाई कामलाग्ने वस्तु बिक्रीयोग्य हो भन्ने कुरा अहिले धेरै काठमाडौंवासीलाई थाहा छ । फलाम राख्न तथा बेच्न पनि सजिलो हुन्छ । तैपनि घरेलु फोहोरमै मिसिएर केही मात्रा धातु अझै पनि फोहोर मैला सङ्कलक हुँदै कबाडी पसलसम्म आइपुग्छ ।

## २ख। कबाड सङ्ग्रह र वर्गीकरण

चौतारीको सर्वेक्षणले तीन चौथाईभन्दा बढी (७७.४५ प्रतिशत) कबाड पसलमा फेरियाले सामग्री ल्याउँछन् भन्ने देखाउँछ । तीमध्ये सयकडा पैंसट्ठी पसलको कबाडको स्रोत फेरिया मात्र हुन्छ । त्यहाँ केही मात्रामा बोरावालाले पनि कबाड पुऱ्याउँछन् तर उनीहरू कबाड धनीको प्राथमिकतामा पर्दैनन् । बोरावालाहरूले कबाडजन्य वस्तु प्रायः फोहोरको कबाडमा नै लैजान्छन् । फोहोर कबाडमै घरेलु फोहोर सङ्कलन गर्ने रिक्सावालाहरूले पनि सामग्री लैजान्छन् । खेरलाई कबाड बनाउने क्रम उपत्यकाको फोहोर फाल्ने सिसडोल डम्पिङ साइटसम्म चल्छ ।

दशओटामा एक (१२.२४ प्रतिशत) कबाड पसलमा मिश्रित स्रोतबाट कबाड जम्मा हुन्छ । यहाँ फेरिया, कबाड धनी आफूले घरटहरा भत्काएर, वा लिलाम र बोलकबोलबाट कबाडी ल्याउँछन् । सयकडा छओटा (६.१२ प्रतिशत) पसलमा घर बनाउँदा भत्काउँदाका सामग्री कबाड आउने गर्छ । यिनीहरूमध्ये केहीले फेरियाबाट सामग्री लिन्छन्, अरूले लिँदैनन् । झण्डै उत्तिकै पसलमा रिक्सावाला, फोहोरमैला सङ्कलनको कन्टेनर तथा बोरावालाबाट सामग्री भित्रिन्छ (चित्र ४) । पहिले फर्निचर पसल चलाएका एकजना कबाड धनीले घर भत्काउँदा आउने जस्तापाता, डन्डी, फलामका टुक्रालाई कबाडमा राखेका छन् । तिनले केही संरचनागत सामान फेरियाहरूबाट पनि किन्छन् । छिमेकको अर्को एउटा, प्रायः बन्द रहने कबाडको मालिक रङ्ग बनाउने कम्पनीमा काम गर्छन् । कम्पनीका मेनेजर र पालेलाई अलिकति पैसा दिएर उनले कम्पनीबाट निस्कने सबै खाले 'फोहोर' अफिसकै गाडीबाट ल्याउँछन् । सिनामङ्गलमा कतार इअरवेजमा काम गर्नेले कबाड




चित्र ५ : कबाड सामग्री आउने माध्यम

पनि चलाउँछन् । विमान र कम्पनीको खाजाघरबाट निस्केको बियरको क्यान/बोतल, जुसका क्यान, प्लास्टिकका गिलास, पानीको बोतल, खाना प्याक गर्ने चिम्की आदि कम्पनीकै स्वीकृति लिई कबाड पसलमा ल्याउँछन् ।

> सिसडोल डम्पिङ साइट, ओखरपौवामा कबाड सङ्कलन
>
> यो सर्वेक्षणको क्रममा सिसडोल पुग्दा त्यहाँ फोहोरको थुप्रोबाट कबाड-वस्तु टिप्न भण्डै २ सय मानिस दिनहुँ तैनाथ थिए । रसुवा जिल्लाका १५० जना जति, र बाँकी धादिङ र नुवाकोट जिल्लाका मानिस थिए । यसरी बोरावालाहरूले टिपेका वस्तु पुनः ३-४ ट्रकमा भरिएर काठमाडौं फर्किन्छ । त्यहाँ एकजना वृद्ध एक वर्षदेखि प्लास्टिक टिप्ने थिए । पहिले घर बनाउने ठाउँमा मजदूरी गर्थे । पैसा अहिले पनि उत्ति नै छ, तर निर्माणका समयमा बोक्नुपर्ने भारीभन्दा यही काम ठीक भन्छन् । बिहान छ बजेदेखि दिउँसो २ बजेसम्म कबाड टिप्छन् । गुडिया र कचरा मिसिएको हुनाले छुट्ट्याउँछन् । वर्षायाममा काटुन र कपडा टिप्दैनन् । त्यसपछि फोहोरको थुप्रोलाई मिलाएर माटो हाल्न थालेपछि आफ्नो सामान मिलाउने काम गर्छन् । एकजनाले ४०-५० केजी उठाउँछन् भन्छन् । एकजनाले थोरैमा ३-४ सयदेखि बढीमा ७-८ सय रुपैयाँ कमाउन सक्छ । त्यहाँ काम गर्नेहरूले ठेकेदारलाई बेच्ने मूल्य यस्तो छः सिलावर केजीको १०० रुपैयाँ, तामा ३००-४०० रुपैयाँ, कापी किताब ६ रुपैयाँ, काटुन ४ रुपैयाँ, मिनरल वाटर बोतल २० रुपैयाँ, पित्तल ३००-४०० रुपैयाँ, फलाम २० रुपैयाँ आदि । कबाडलाई ऐइशर गाडीमा लोड गरेर काठमाडौं ल्याइपुऱ्याउने ठेक्का तीन समूहले लिएका थिए ।

साधारण खाले भन्न सकिने कतिपय कबाडमा फेरियाले मात्र सामान पुऱ्याउँछन्, रिक्सावाला जाँदैनन् । यस्ता पसलले मुख्यतः फलाम सङ्ग्रह गर्छन्, त्यसपछि मात्र प्लास्टिकलगायत अरू सामग्री जम्मा गर्छन् । रिक्सावाला प्रायः कबाडमा बस्तैनन् । नियमित कबाडी आपूर्ति गर्ने रिक्सावालाको कबाड धनीको सम्बन्ध फेरियासँगको भैँ सुदीर्घ हुन्छ । कबाड पसलमा खानाको समय पुगियो भने कबाड धनी र फेरियाहरू सबैजना सँगै बसेर खाना खाइरहेको देख्न सकिन्छ । कतिपय कबाड धनी आफै पूर्वफेरिया भएकाले, फेरियासित पारिवारिक, कौटुम्बिक र गाउँठाउँको नातामा गाँसिएकाले, फेरियाहरूसित तिनको सम्बन्ध धनी र ऋणीको जस्तो असन्तुलित देखिँदैन ।

कबाडमा आइपुगेका सबैखाले सामग्री छुट्ट्याइन्छ । कबाडको क्षमता र उपलब्ध कर्मचारी सङ्ख्या हेरी प्लास्टिकका सामग्रीलाई मुख्यतः गुडिया, कचरा, नाइलन/चप्पल आदि कोटीमा, फलामका सामग्रीलाई टिना, कुचा, डन्डी आदि कोटीमा बाँडिन्छ । प्लास्टिकलाई कुनै कबाडमा तीन किसिमले र कुनैमा आठ-दश किसिमले छुट्ट्याइएको पाइन्छ । प्लास्टिक र फलाम, तामाजस्ता धातुमिश्रित सामग्रीलाई फुटाएर छुट्ट्याउने काम पनि यहीँ गरिन्छ । बियर र रक्सीको बोतल कबाडमा भित्रिएपछि सद्दे र फुटेको, अनि सद्दे पनि 'क्वाटर', 'हाफ' र 'फूल' गरी तीन आकारमा छुट्ट्याइन्छ । कबाडजन्य तत्त्वको वर्गीकरणको सीप सबैसित हुँदैन । जति मिहेनतले सामग्री छुट्टिँदै जान्छ, त्यही अनुपातमा कबाडको मूल्यमा विविधता आउँछ ।

> फेरिया २, रौतहट
>
> साइकलमा ४ ओटा बोरामा बियर बोतल लाँदैछन् । भन्छन्, १२-१५ हजार यहीँ कमाई हुन्छ । विदेश किन जानु? त्यहाँ ५०-६० हजार कमाई हुने भए पो । विदेश जान लाग्ने पैसा हालिदिने छन् । त्यो समस्या होइन । स्कूलको परिक्षापछि कापी किताब धेरै पाइन्छन् । त्यो बेला २०-२५ हजार कमाइन्छ । विश्वकर्मा पूजाअघि मेसिनहरू मर्मत गर्दा फलामका सामान धेरै आउँछन् । त्यो कमाउने सिजन हो । बागबजारबाट उनी पुरानो बानेश्वरको कबाडतिर जाँदै थिए । त्यो कबाडमा एडभान्स लिएका छन् । २०-२५ हजारसम्म पाउँछन् । त्यो तिर्नु पऱ्यो । आलुवालाहरूसँग तामा पित्तल साट्नेहरू हुन्छन् । तिनलाई फाइदा हुन्छ । हामीलाई त्यो मौका छैन भन्छन् ।

कबाड पसलबाट सामान तौलेर लैजाने डिलरकहाँ अफ मसिनोसँग छुट्ट्याउने काम हुन्छ । त्यसपछि ती आधारभूत प्लास्टिकका सामग्रीलाई पेल्ने, कोक र मिनिरल वाटरका बोतल तथा काटुनका टुक्रालाई चेप्ने काम हुन्छ । यसपछि कबाडीले कम ठाउँ ओगट्छ र त्यसलाई गाडीमा चढाउन सजिलो हुन्छ । सफा गरेर अथवा सामान्य मर्मत गरेर पुनर्प्रयोगमा ल्याउन सकिने वस्तु यहीँ प्रशोधित हुन्छन् । डिलरका कामदारहरूले रक्सीको सद्दे बोतललाई गर्मीमा सरफ पानीले र जाडोमा सरफ र तातो पानीले धुन्छन् र

सुकाउँछन् । बियरका बोतल भने सफा नगरी नै कारखाना पुग्छ । रक्सीका बोतललाई चाइनिज स्याउको काटुनमा र बियरका बोतललाई प्लास्टिकको बोरामा प्याक गरेर गाडीमा चढाइन्छ । त्यस्तै डिलरकहाँ छुट्ट्याउने, मिलाउने, सफा गर्ने काम भइसकेपछि कबाडी सामान पुनर्विन्यास अथवा पुनर्प्रयोगका लागि कारखाना पठाइन्छ ।

## २ग। कबाडको पुनर्प्रयोग

फलामका टुक्रा सीधै डन्डी बनाउने कारखाना पुग्छ । नेपालमा तीनओटा ठूला कारखानाले कबाड फलाम पुनर्प्रयोग गर्छन् । तीमध्ये सबैभन्दा ठूलो जगदम्बा स्टिल्स हो । यो एउटैको उत्पादन क्षमता बाँकी अरूको योग बराबर छ । जगदम्बाले औसतमा १२ ट्रक कबाडी फलाम किन्छ । जगदम्बाले वार्षिक झण्डै ३० हजार मेट्रिक टन डन्डी लगायतका सामान उत्पादन गर्छ । त्यसमा कबाडको हिस्सा आधाभन्दा अलि बढी छ । जगदम्बाले आफूले प्रयोग गर्ने कबाडको करिब २० प्रतिशत जति अष्ट्रेलिया, जापानलगायत तेस्रो मुलुकबाट पनि आयात गर्छ ।[७] अम्बे स्टिल्स प्रालि, रुपन्देही र अशोक स्टिल्स इन्डष्ट्रिज प्रालि, बाराले पनि फलाम रिसाइकल गर्छन् । अम्बे स्टिल्सले आफूले उत्पादन गर्ने डन्डी रिसाइकल गरेर बनाइएको बिलेट्सबाट बन्छ भनेको छैन । लक्ष्मी स्टिल्सले आफ्नो वेबसाइटमा भने भारतीय कम्पनी टाटाको शुद्ध बिलेट्सबाट बनाउने भएकाले नेपालमा बन्ने अरू डन्डीभन्दा आफ्नो उत्पादन शुद्ध, लचिलो, बलियो र टिकाउ भएको दाबी गरेको छ । अशोक स्टिल्सले छोटो बिलेट्स आफैले उत्पादन गर्छ र लामो बिलेट्स टाटाबाट किन्दै आएको छ । अब उसले पनि जगदम्बाले उत्पादन गर्ने बिलेट्स नै किन्ने योजना बनाएको छ । गुणस्तर कायम गर्न कच्चापदार्थ (स्पोञ्ज) पनि मिसाउने गरिन्छ । नेपाली फलाम कारखानाले खरिद गर्ने टाटाको बिलेट्स पनि स्पोञ्जबाट मात्रै बनेको होइन भन्नेहरू छन् । रिसाइकल गरेको उत्पादन कमजोर नहुने तिनको तर्क छ ।[८] आव २०६८-६९ मा ८ हजार ५५८ मेट्रिक टन कबाड फलाम खरिद गरेको अशोक स्टिल्सले डन्डी उत्पादनका लागि ६० प्रतिशत कबाडी फलाम तथा ४० प्रतिशत स्पोञ्ज मिलाउने गरेको छ । सन फिटिङ प्रालि, बुटवलजस्ता साना कारखानाले पनि पुराना फलाम गाल्छन् । समग्र कबाड फलामको खपतमा यसको हिस्सा भने नगण्य देखिन्छ ।

कारखानाले भिन्नाभिन्नै पाटीसँग यति समयभित्र यति फलाम उपलब्ध गर्ने गराउने सौदा (सम्झौता) गर्छ । सौदा अवधिभर भाउ घटबढ गर्न पाउँदैन । १-२ सय टन देखि ४-५ सय टन सम्मको आपूर्ति सौदा हुने गरेको छ । पाटीसँग गरिएको सौदा र अनुमानभन्दा बढी कबाडी फलाम कारखानासम्म आइपुग्छ । फेरियाले कबाड धनीबाट तथा कबाड धनीले पाटीबाट पेश्की पाएजस्तै विश्वासिला पाटीले पनि कारखानाबाट अग्रिम भुक्तानी लिने गर्छन् । यस्तो सम्झौता प्रायः अनौपचारिक वा मौखिक हुने गरेको छ । कारखाना कर्मचारीहरू आपूर्तिको झण्डै आधाजसो फलाम काठमाडौंबाट मात्र आउने अनुमान लाउँछन् । कुनै पनि कबाड सामान विदेश लैजान कानूनी प्रतिबन्ध छ । ठेलामा लोड गरेर भन्सार छलेर अहिले पनि हेबी फलाम भारत जाने गरेको ती कर्मचारी बताउँछन् । नेपालमा कचरा (प्लास्टिक)को प्रशोधन हुँदैन । चोर बाटोबाट भारत पठाउनु पर्ने भएकाले कचरा गुडियाभन्दा धेरै सस्तो छ । गुडिया खपत गर्ने प्लास्टिक कारखाना धेरै काठमाडौंमा रहेकाले वीरगंज, पोखरालगायत सहरबाट गुडिया काठमाडौं भित्रिन्छ । वीरगंजका कबाडले काठमाडौं लैजाने पाटीलाई गुडिया प्रति केजी ३२ रुपैयाँमा बेच्छन् । झण्डै यति नै मूल्य काठमाडौंका कबाड पसले आफूले फेरियाबाट किन्छन् । तर, ढुवानी तथा भारत निकासी गर्न सजिलो भएकोले काठमाडौंमा सरदर १० रुपैयाँमा किन्ने कबाड पसलेले वीरगञ्जमा गुणस्तर हेरेर १५-२५ रुपैयाँमा कचरा किन्ने गरेका छन् ।

कागज कारखानामा काटुन बनाउने कच्चापदार्थमा जुटको बोरा मिसाइन्छ । प्लास्टिकका पुराना बोरालाई काटेर फरक फरक आकारका सामान राख्ने झोला बनाइन्छ । कपडाका टुक्रा कतरन र कपास जम्मै टेक्सटाइल कारखानाले लैजान्छ । डढेको मोबिलबाट विभिन्न कारखानाले बाल्छन् र ग्रिज बनाउँछन् । सिसाको सद्दे बोतल सफा गरी मदिरा र बियर उद्योग पुऱ्याइन्छ । फुटेको हरियो र रातो सिसा चुरा बनाउने उद्योग पुग्छ । फुटेको सेतो सिसाबाट झ्यालको ऐना बन्छ । गुणस्तरीय र कमसल गुडिया, पोलिथिन र अरू प्लास्टिकलाई पहिले छुट्टाछुट्टै धुलो/चिप्स बनाइन्छ । फेरि त्यसलाई गालेर ढेला बनाइन्छ । ढेलालाई अलि तात्तातो हुँदै सानोसानो टुक्रा काटिन्छ र फेरि प्रशोधन गरेर दाना बनाइन्छ । सबैखाले प्लास्टिकका सामग्री बनाउन दाना बनाइराख्नु पर्दैन तर ढेलासम्म चाहिँ बनाउने पर्छ । प्लास्टिकको डोरी र भाँडाकुँडा बनाउन जति राम्रोसँग प्रशोधन गर्नुपर्छ, कालो पाइप बनाउँदा गर्नु पर्दैन । लक्षित गुणस्तर हेरी नयाँ किनेर ल्याएका दाना मिसाइन्छ । डोरी, प्लास्टिकका भाँडा, कालो पाइप आदि विविध सामान बनाउने प्रविधि उस्तै हो, डाइमात्र फरक हुने हो । एक केजी कालो पाइप बन्दा करिब १२ देखि १५ रुपैयाँ बराबरको बिजुलीमात्र खर्च हुन्छ । धेरै कामदार लाग्दैन । तर यो प्रविधिको उत्पादन क्षमता भने निकै कम हुन्छ ।

किताब कापी गद्दीवालाबाट थोक खरिदकर्ता हुँदै पेपर मिल पुग्छ । नेपालको ठूलो कागज कारखानामा गनिने बाबा पेपर मिल्स, सुनसरीको ६० प्रतिशतभन्दा बढी उत्पादन रद्दी (कबाड) कागजबाट बन्छ । गहुँ र धानको भुसा, पराल, उखुको सिठी आदिबाट कागज उत्पादन गर्ने वैकल्पिक प्रक्रिया लामो हुन्छ । रिसाइकलबाट चार घण्टामा कागज बनीसक्छ भने भुसाबाट कागज

[७] जगदम्बा स्टिल्सका लेखा अधिकृत वसन्त गुप्तासँग २०७० असार १८ मा गरेको कुराकानी ।

[८] अशोक स्टिल्सका प्रबन्धक गौरीशङ्कर श्रीवास्तवसँग २०७० असार १८ मा गरेको कुराकानी ।

बनाउन २४ घण्टा लाग्छ । भुसाबाट बन्ने कागज रिसाइकल गरिएको भन्दा गुणस्तरीय हुन्छ । भुसाबाट मात्र बनेको कागज कारखानाबाटै प्रति केजी १०० रुपैयाँमा बिक्री गर्न सकिन्छ । तर यो प्रक्रियामा धेरै केमिकल लाग्छ । अहिले डलर महँगो भएकोले भुसाबाट कागज बनाउँदा थोरै फाइदा हुने गरेको छ । दुवै प्रक्रियामा कच्चापदार्थको खपत पनि फरक हुन्छ । एक केजी भुसाबाट १०० ग्राम कागज बन्छ भने रिसाइकल गर्दा रद्दी कागज एक केजीबाट करिब ७०० ग्राम । बाबा पेपर मिल्समा अहिले दैनिक २०-२५ टन कागज उत्पादन गर्न ३२-३३ टन कच्चापदार्थ खपत हुन्छ । त्यहाँ महिनावारी र ठेकेदारी प्रणालीबाट गरी झण्डै ४०० जना जति कामदार कार्यरत छन् ।[६] रिलायन्स पेपर मिल्स, रुपन्देहीले दैनिक १५-२० टन ह्वाइट पेपर तथा ३५-४० टन क्राफ्ट पेपर उत्पादन गर्छ । यी दुई मिलबाहेक एभरेष्ट पेपर मिल, जनकपुर तथा एमके पेपर मिल्स नवलपरासीले पनि रद्दी कागज रिसाइकल गर्छन् ।

## २घ। कबाड पसलको संरचना

काठमाडौँका धेरै जसो कबाड पसलका स्वामी भारतीयहरू छन् । उनीहरूले आफ्नो पसलमा बस्न र सामग्री खोजेर ल्याउन आफ्नै गाउँघरछिमेकीलाई फेरिया राखेका छन् । फेरियाहरूले आफ्ना साथीभाइ र आफन्तलाई कबाड सङ्कलनको काममा लगाएका छन् । आफन्तसँग उनीहरूलाई काठमाडौँमा खानबस्नको समस्या पर्दैन । काम सिक्न पनि सजिलो हुन्छ । व्यवसायमा छिरिसकेकाको र भरौटेहरूबीचको आर्थिक सम्बन्ध यो सर्वेक्षणबाट खुल्दैन । तर यो सम्बन्धका पारिवारिक, कौटुम्बिक र गाँउथरघर आधार भने स्पष्ट छ । बाबु र दाजुको कबाड पसलमा विविध भूमिका निर्वाह गरेको मानिस पछि आफैले कबाड पसल खोलेका, आफ्ना छिमेकी र आफन्तलाई कबाड खोल्न सघाएका उदाहरण निकै भेटिन्छन् । काठमाडौँका पाँच/छओटा मात्र रहेका बोतलका डिलरहरू सबै कलवारहरू, र ती पनि सबैजना नातेदारहरू भएको कबाड धनीहरू बताउँछन् । कतिपय अवस्थामा यो व्यवसायमाथि एउटै परिवार वा कुटुम्बको एकाधिकार चलेको देखिन्छ । सम्बन्धको कौटुम्बिक आधार काठमाडौँबाहिर पनि देखिन्छ । वीरगंज भन्सार कार्यालयछेऊ कबाड पसल चलाइरहेका सन्तोष जायसवालका काका ललितपुरमा कबाड पसल चलाउँछन् । सन्तोषले काकाको पसलमा केही समय काम गरेका थिए । वीरगंजको पसल पनि सन्तोषका बाबुले १० वर्षअघि थालेका हुन् । यो कौटुम्बिक संरचना र कबाड व्यवसायको क्षेत्रनिर्धारणबीच गहिरो सम्बन्ध देखिन्छ । जस्तो, एक घरठाउँ र एउटै जातिका कबाड धनीहरू एकै भेगमा पाइन्छन् । बालाजु नेपालटारतिर मोतिहारी घर भएका सहनी थरका कबाड धनीहरू छन् । आफ्नो गाउँघरमा सहनीहरू मलाहा हुन् । ती माछा पाल्ने, मार्ने र माछाको व्यापार गर्नेहरू हुन् । भक्तपुरको जगाती तथा च्यामासिंहमा सीतामढीका गुप्ताहरू छन् । मिलनचोक, बानेश्वर तथा सिनामंगलतिर शाह र जायसवाल थर लेख्ने कलवारहरू छन् । उनीहरू प्राय: सबै छिमेकी हुन् । उनीहरूको कबाडमा बस्ने फेरियाहरू पनि उतैबाट आएका छन् (चित्र ६) ।




चित्र ६ : कबाड धनीको ठेगाना

भारतका सीतामढी र मोतिहारीबाट आएका फेरिया अनि कामदारहरू धेरै जनाले पछि आफैले कबाड पसल खोलेकाले यो क्षेत्रमा अहिलेसम्म पनि भारतीयहरूकै वर्चस्व छ । केही समय अगाडिसम्म काठमाडौँ उपत्यकाको सबै कबाडको पुनर्विन्यास भारतीय उद्योगहरूमा गरिन्थ्यो । यसले गर्दा कबाड सङ्कलन र वर्गीकरणबारे सीप भएका, भारतीय उद्योगसम्म पुग्ने आपूर्ति-पथबारे ज्ञान र अनुभव भएका भारतीयहरूले यो काम यहाँ थाले । पछिल्लो समयमा नेपालीहरूबाट पनि कबाड पसल सञ्चालन हुन थालेको छ । कबाड प्लास्टिकबाट खानेपानी पाइप बनाउने अधिकांश उद्योग अहिले नेपालमै छन् । कबाड व्यवसायको संरचनाभित्र अहिले केही नेपाली उपस्थिति देखिएको छ । एकतिहाईभन्दा बढी (३६.७३ प्रतिशत) मोतिहारी (पूर्वी चम्पारन) घर भएका र सयकडा बाइस (२२.४५ प्रतिशत) सीतामढी घरभएका कबाड धनी छन् । झण्डै छ कबाड धनीमा एकजना (१६.३३ प्रतिशत) नेपालको तराईवासी र हरेक आठमा एकजना (१२.२४ प्रतिशत) नेपालको पहाडी क्षेत्रमा घर हुने वा पहाडी समुदायका मानिस भेटिन्छन् । सयकडा दशभन्दा अलि बढी कबाड पसल नेपाली तथा भारतीय दुइटैको साझेदारीमा सञ्चालित देखिन्छन् ।

समग्रमा झण्डै दुई तिहाई (६३.२७ प्रतिशत) कबाडमा भारतीयहरूको मात्र लगानी छ । चारमा एउटा पसलमा (२८.५७

[६] मिलका सिनियर स्टाफ शुकदेव यादवसित २०७० असार १६ मा गरेको कुराकानी ।




चित्र ७ : कबाड धनीको घरठेगाना

प्रतिशत) नेपालीहरूको मात्र लगानी छ । त्यस्तै ३५ ओटा अर्थात् ७१.४३ प्रतिशत कबाडका मुख्य वा साझेदार सञ्चालक भारतीय छन् (चित्र ७) ।

कबाड व्यवसायमा नेपालीहरूको उपस्थिति श्रमसाध्य कामतिर बढी छ । फेरियाहरू सबैजसो नेपालका तराईवासी र भारतीय छन् । भारतको गोरखपुरलगायतका सहरमा रोजगारीको अवसरमा बढोत्तरी भएकोले भारतबाट काठमाडौँमा आउनेहरू घटेका हुन् भन्ने भारतीय फेरियाले तर्क गरे । उनले काठमाडौँमा बीस वर्षको अनुभव र चिनजानले काम सहज भएकोले आफू चाहिँ नफर्केको भने ।[१०] भारतीयलाई हेप्ने प्रवृत्ति व्यापक रहेकोले कतिपय फेरिया आफ्नो घर रौतहट अथवा बारा हो भन्छन् । एकजना नेपाली हुँ भनेर चिनाउने फेरियाले तराई घर बताउने धेरै फेरियाहरू वास्तवमा भारतीय रहेको भने ।[११] सर्वेक्षणको क्रममा केही फेरियाको घरठाउँ सोधियो । तिनले रौतहट भने । रौतहटको कुन ठाउँमा पर्छ भनी सोधियो । तिनले गौरमा भने । कुन गाविसमा भनेर सोध्दा केहीले थाहा छैन भने । एकजनाले सानैमा काठमाडौँ आएकोले थाहा नभएको भने । बाटोमा भेटिएका फेरियाहरू कबाड पसलको वातावरणमा आफ्नो गाउँठाउँ लुकाउँदैनन् । आफ्नै थरगाउँका भारतीय कबाड धनी भएकाले तिनले ढाँट्नु परेन ।

नेपाल तराईका फेरिया आफ्नै छिमेकका पसलभन्दा अन्यत्र पनि जोडिएका छन् । यता आएर मधेसीहरू बढी विदेशिएकाले फेरिया पाउन गाह्रो भएको भन्ने भारतीय कबाड धनीहरू भेटिए । तिनले एकजना फेरियाको मासिक आम्दानी १०-१२ हजार हुने तर विदेशिँदा २४-२८ हजार कमाउन सक्ने बताए ।[१२] तर, मोतिहारी घर भएका एकजना कबाड धनीको अनुभव भिन्न छ । उनले काठमाडौँ आएर पहिले थोक किराना (होलसेल) पसलमा काम गरे । फेरि त्यो काम छोडेर आफ्नो साथीसँग कबाडसम्बन्धी काम सिके । अहिले त्यो कबाडमा तिनीहरूको संयुक्त लगानी छ । उनले आफ्नो घरठाउँतिर खाडीतिर जाने चलन नभएको, बरु दिल्ली, मुम्बई वा काठमाडौँतिर जाने परम्परा रहेको बताए । पैसा कमाउन खाडीतिर जाँदा रहेछन् भन्ने कुरा उनले काठमाडौँ आएपछि थाहा पाए । नौलो ठाउँभन्दा आफन्त र छरछिमेकको सञ्जाल भएतिर सजिलो हुने उनले बताए ।[१३]

प्रायः फेरियाहरू सम्बन्धित कबाड धनीकै चाँजोपाँजोमा कबाड पसलमा बस्छन् । केहीलाई कबाड धनीले अन्तै कोठा खोजेर राखेका छन् । कबाड धनीले तिनलाई चाहिने कोठा, बिजुली, पानी, ओछ्यान, भाँडाकुँडा, मट्टितेलबाट चल्ने स्टोभ पुऱ्याउँछन् । दाल, चामल, तरकारी, मट्टितेलजस्ता खपतयोग्य वस्तु भने फेरियाहरू आफैले जोहो गर्छन् । तीन चारजना फेरियाहरू साझा चुलो चलाउँछन् । परिवार सँगै नभएका कतिपय कबाड धनीहरू पनि फेरियाहरूसँगै खान्छन् । चुलोको काम आलोपालो गर्छन् । प्रायः कबाड धनीले फेरियालाई आवश्यकता हेरी १० देखि २०/३० हजारसम्म ऋण दिएका हुन्छन् । यसलाई पेश्कीको रूपमा हेरिँदैन । यसको ब्याज र साँवा तिर्न फेरियाउपर दबाब दिइँदैन । कबाड धनीहरूले यस्तो अग्रिम रकमलाई फेरियालाई आफ्नो पसलमा बाँधिराख्ने उपायको रूपमा हेर्छन् । पैसा चुक्ता नहुञ्जेल फेरियाहरूले उही कबाड धनीकहाँ कबाड लिएर जान्छन् । यस्तो तरल धनीऋणीको सम्बन्ध कबाड धनी र डिलरबीच, डिलर र पाटीबीच पनि देखिन्छ । यो सम्बन्धले उपत्यकाको कबाड सञ्जालको पुनरुत्पादन गर्न सघाउँछ ।

कबाड व्यवसायमा लागेकाहरू अधिकांशको पुख्यौंली पेशा व्यापार हो । एकजना कतरनको व्यापार गर्नेले आफ्नो पूख्यौली पेशा 'डन्डीमार' भने । 'डन्डी' अर्थात् 'तराजु' चलाउने वा त्यसैको भरमा बाँच्ने भएकाले उनको जाति कलवारलाई डन्डीमार भन्ने गरेको उनले बताए । भारतका सीतामढी, मोतिहारी र नेपालको तराईबाट आई कबाड व्यवसायमा लागेकाहरूको थर/गोत्र एउटै भेटिन्छ र ती व्यापारिक जाति भनेर चिनिन्छन् । कलवार र गुप्ता थरधारीहरू नेपाल र भारतको तराई भूभागसित जोडिएका प्रमुख व्यापारी जाति हुन् । साह वा चौधरी, जयसवाल थर लेख्ने कलवार, साह लेख्ने तेली, गुप्ता र रौनियार लेख्ने रौनियार, सहनी थर लेख्ने मलाहाहरू भारतको सीतामढी, मोतिहारी र नेपाल मधेसका वासिन्दा हुन् । उपत्यकाका नेवारहरूबाहेक यो व्यवसायमा पहाडका बाहुन, क्षत्री, राई र तामाङहरू लागेका देखिन्छन् ।

उपत्यकाका कबाड पसलको लगानीको संरचना एकलतिर ढल्केको देखिन्छ । झण्डै दुई तिहाई (६५.३१ प्रतिशत) कबाड एकल लगानीमा सञ्चालित छन् । सयकडा पचीस (२४.४९ प्रतिशत)

---

[१०] एकान्तकुनाका फेरियासँग २०६९ फागुन ११ मा गरेको कुराकानी ।

[११] कीर्तिपुरका नेपाली भनेर चिनाउने फेरियासँग २०६९ फागुन २१ मा गरेको कुराकानी ।

[१२] कपनका कबाडधनीसँग २०६९ फागुन २ मा गरेको कुराकानी ।

[१३] नेपालटारका कबाडधनीसँग २०६९ चैत ३० मा गरेको कुराकानी ।

कबाडमा दुईजनाको संयुक्त लगानी छ । सयकडा दश (१०.२० प्रतिशत) कबाडमा भने तीनजनाभन्दा बढीको लगानी छ (चित्र ८) ।




चित्र ८ : लगानीकर्ता

यो व्यवसाय अन्योन्याश्रित सम्बन्धले मात्र फस्टाउँछ ।[१४] तर संयुक्त लगानीमा बेग्लै जटीलता छन् । यो जटील सम्बन्धका कारण अधिकांश (८७.७६ प्रतिशत) कबाड धनी संयुक्त लगानीको विपक्षमा छन् । सयकडा आठ (८.१६ प्रतिशत) कबाड धनीले भने लिलाम/ठेग्गा/टेन्डर प्रक्रियाबाट कबाड सङ्कलन गर्दा एकलस्वार्थभन्दा संयुक्तस्वार्थ बलियो हुने कुरा बुझेका छन् (चित्र ९) ।




चित्र ९ : संयुक्त कारोबारप्रति रुचि

धेरै जना कबाड धनीहरू फेरिया हुँदै कबाड पसलको मालिक बनेका छन् । सर्वेक्षण गरिएका कबाडमध्ये झण्डै आधा (४८.९८ प्रतिशत) कबाड धनी पहिले फेरिया थिए । सयकडा दशजति (८.१६ प्रतिशत) पहिले साइकलमा तरकारी तथा फलफूल व्यापार गर्थे । सयकडा छ जति (६.१२ प्रतिशत) बुवाले अथवा दाइले सञ्चालन गरेको कबाडबाटै प्रशिक्षित भएकाहरू हुन् भने झण्डै उत्तिकैले (६.१२ प्रतिशत)ले पहिले अरुको कबाड पसलमा काम गरेका थिए । बाँकी चाहिँ पहिले पानपसले, डकर्मी, कपडाव्यापारी, किरानापसले थिए । आफू अनुभवहीन छँदा कबाड व्यवसायका जानकारहरूलाई सहयोगी बनाएका थिए । यसरी बहुसङ्ख्यक कबाड धनीहरू व्यवसायभित्रैबाट उक्लेका देखिन्छन् (चित्र १०) । छ वर्षभन्दा लामो समयदेखि फेरिया गरेकाहरूको नै यो व्यवसायमा वर्चस्व (७०.८३ प्रतिशत) छ । चारजनामा एकजना कबाड धनीसँग पाँच वर्षसम्मको व्यावसायिक अनुभव छ (चित्र ११) ।

माथि भनीसकिए झैं कबाड व्यवसायीको मुख्य अचर खर्च पसल राख्ने घरजग्गाको बहाल हो । केही वर्षअघिसम्म घरजग्गा बहालसम्बन्धी सम्झौता अनौपचारिक हुन्थ्यो । केही घरजग्गाधनीसँग कबाड व्यवसायीले मौखिक सहमतीमै पसल खोलेका हुन्थे । कतिपयले नदीकिनारको पर्तीजग्गा अथवा सार्वजनिक जग्गा ओगटेर अस्थायी टहरा बनाएका हुन्थे । त्यस्ता केही कबाड अझै छन् ।[१५] यिनले बहाल तिर्न पर्दैन । तर स्थानीय सामाजिक कार्यमा ‘सहयोग’ भने गर्नुपर्छ । नयाँ कबाड खोल्नेहरू तथा अलि ठूला खालका कबाडले चाहिँ यति वर्ष यो ठेगानामा बस्ने भनेर लिखित सम्झौता गरेका छन् । यो सर्वेक्षण अनुसार एक तिहाईभन्दा केही बढी (३४.६९ प्रतिशत) कबाड पसलले त्यस्तो लिखित सम्झौता गरेर जग्गा लिएका छन् । आधाभन्दा बढीले भने त्यस्तो सम्झौता नगरी नै पसल चलाईरहेका छन् ।

अनौपचारिक चाँजोपाँजोका कारण एक ठाउँमा राम्ररी चलिरहेको कबाड अनायास सार्नु पर्ने बाध्यता धेरैले बेहोरेका छन् । सर्वेक्षणले कबाड पसलको औसत बसाई ५ वर्ष २ महिना देखाउँछ । तर कोही ६ महिनामै सरेका छन् भने कोही १० वर्षभन्दा बढी एउटै ठाउँबाट कारोबार चलाईरहेका देखिन्छन् । केही कबाड धनी ठूलो ठाउँ खोज्दै सरेका छन् । धेरै जसो चाहिँ जग्गाधनीले भनेपछि नै सरेका हुन् । प्राय: कबाड धनीले अरूको जग्गा भाडामा लिई टहरो बनाएर कबाड पसल थापेका छन् । अपवादजस्तो एक दुईजना व्यवसायीले आफ्रै घरको सटर पनि प्रयोग गरेका छन् ।[१६] घरजग्गा बहाल ठाउँ र क्षेत्रफल हेरी २ हजार देखि ३० हजार रुपैयाँसम्म छ । औसत मासिक ७,१०० रुपैयाँ हुन आउँछ । केहीले भाडा बढाएर

[१४] ताहाचलमा भेटिएका पूर्व कबाडव्यवसायीसँग २०६१ पुस ६ मा गरेको कुराकानी ।

[१५] टेकुका विकास चौधरीसँग २०६१ पुस ४ मा गरेको कुराकानी ।

[१६] सूर्यविनायकका रवीन्द्र प्रजापतिसँग २०६१ चैत १६ मा गरेको कुराकानी ।



चित्र १० : कबाड धनीको पहिलेको पृष्ठभूमि

भनेका छन् भन्ने कुरो तिनले गरेको आम्दानीले भाडा तिर्न पनि नपुगेबाट थाहा हुन्छ ।



चित्र ११ : कबाड धनीको फेरिया अनुभव

# ३। कबाडी व्यवसायको अर्थतन्त्र

## ३क। कबाडको आर्थिक महत्त्व

कबाड पसलहरूमा हुने आर्थिक कारोबारको परिमाण अनुमान गर्न सजिलो छैन । कबाड धनीहरूले दैनिक आयव्ययको खाता कि राख्दैनन्, राखे पनि देखाउँदैनन् । मूल्य अभिवृद्धी कर अथवा व्यवसाय करको प्रयोजनका लागि दर्ता भएका कबाड पसलले पनि आफ्नो आम्दानीखर्चको हिसाबकिताब दुरुस्त राखेका छैनन् । अनुसन्धानकर्तालाई यथार्थ आर्थिक विवरण दिन व्यवसायीहरू हिच्किचाउँछन् । निकै ठुला कबाड धनीकहाँ पटकपटक धाउँदा पनि तिनले विभिन्न बहानामा कुरा गर्न मानेनन् । यो सर्वेक्षणमा कबाड पसलको आर्थिक क्षमता र व्यवहार बुझ्न एक महिनामा पसलमा जम्मा भएको सामग्री, बेचेको सामग्रीको मूल्य र मासिक सञ्चालन खर्चलाई आधार मानिएको छ । सर्वेक्षणमा सामेल ४९ ओटा कबाडले एक महिनामा कूल १,०९,८२,४७६ रुपैयाँ बराबरको विभिन्न कबाडसामग्री बेचेको भेटियो । सबभन्दा थोरै व्यापार गर्नेले ५५,७६६ रुपैयाँ र सबभन्दा धेरै व्यापार गर्नेले ८,६०,००० रुपैयाँको सामग्री एक महिनामा बिक्री गर्छन् । यसको औसत मासिक २,२४,१३२ रुपैयाँ हुने र काठमाडौं उपत्यकामा ८०० ओटा कबाड पसल छन् भन्ने मान्ने हो भने तिनको मासिक बिक्री १७,९३,०५,७३० रुपैयाँ बराबरको हुन्छ भन्नु पर्ने हुन्छ । कबाड व्यवसायको वार्षिक कारोबार यसरी २ अर्ब १५ करोड रुपैयाँ हुन आउँछ ।

२०५१/५२ तिर जिल्ला विकास समिति (जिविस) हरूलाई स्थानीय स्रोत परिचालन गर्ने दबाब पर्‍यो । सहरी बस्तीमा त्यतिखेर भइरहेको कबाडीसामग्रीको पैठारी र बिक्रीमा कर लगाउने कुरा चल्यो । २०५२ माघ २२ मा मन्त्रिपरिषद्ले जिल्ला विकास समिति ऐन २०४८ को दफा २६को खण्ड (ज) मा रहेको अन्य शुल्क दस्तुर भन्ने वाक्यांशको नयाँ व्याख्या ग-यो । र, त्यस अन्तर्गत २४ प्रकारका पुनर्प्रयोजनीय सामान तथा वस्तुमा कर लगाउन पाउने भयो ।[१७] २०५२ सालमै काठमाडौं, भक्तपुर तथा ललितपुर जिल्ला विकास समितिहरू संलग्न संयुक्त समितिमार्फत कबाड सामानमा कर उठाउन थालियो । ४५-५० दिन जति संयुक्त समितिले अमानतमा (आफैले) कर उठायो । त्यो अवधिमा उठेको करलाई आधार मान्दा कबाडी कारोबारबाट मात्रै एक वर्षमा ३०-३५ लाख रुपैयाँ आम्दानी हुने निश्चित भयो । तर समितिले कबाड व्यवसायको सम्भावना कम आँकेको थियो । २०५३ मा कर उठाउने काम ठेक्कामा दिँदा वार्षिक झण्डै एक करोड रुपैयाँसम्म

[१७] स्थानीय विकास मन्त्रालय, ग्रामीण विकास शाखाद्वारा सबै जिविसलाई प्रेषित ०५२।१०।२८ को पत्र । यसमा (१) खाली सिसी, (२) पुराना कागज, (३) प्लास्टिक, (४) फलामका टुक्रा, (५) जुटका खाली बोरा, (६) झिन्डु (उनका टुक्रा), (७) पुराना तामा, पित्तल, आल्मुनियम, सिलावर, (८) बैट्री पुरानो, (९) पुरानो कुचो, (१०) सिसाको धूलो, (११) परालबाट बनेका पुरानो सामान वा पराल, (१२) खाली टिन (सानु ठूलो), (१३) पुरानो ड्रम, (१४) कपडाको टुक्रा (गारमेन्ट), (१५) जलेको पुरानो मोबिल, (१६) पुरानो बोरा र बोराका टुक्रा, (१७) मेसिनका थोत्रा औजार, (१८) कार्पेटका टुक्रा, (१९) रौंहरू, (२०) पुरानो टायर ट्युब, (२१) पुराना छाला र पुराना छालाका टुक्रा, (२२) पुराना पोलिथिन, (२३) कानूनले निषेध गरिएका बाहेक कुखुरा हाँस आदिका प्वाँखहरू, र (२४) कागजका झुरा यति २४ कबाड सामान पर्छन् ।

ठेकेदारहरू तिर्न तयार भए । स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले विभिन्न वस्तुमा जिविसले लगाउन सक्ने न्यूनतम तथा अधिकतम दर तोकिदियो ।[१८] कबाड व्यवसायको आर्थिक महत्त्व ठेक्काको कबोल रकममा भएको वृद्धिले देखाउँछ । उपलब्ध तथ्याङ्कअनुसार, २०६३/६४ मा कबाडी कर ठेक्काको कबोल रकम ४ करोड ७३ लाख १५ हजार रुपैयाँ पुग्यो । २०६४/६५ मा ४ करोड ८२ लाख, र २०६५/६६ मा पाँच करोड ८५ लाख रुपैयाँको वार्षिक ठेक्का लाग्यो । यही दरले अहिले कबाडी कर १० करोड सहजै पुग्ने काठमाडौं र भक्तपुर जिल्ला विकास समितिका कर्मचारी अनुमान गर्छन् ।[१९]

तर २०६६/६७ को बजेट विधेयकबाट यो कर हटाइयो । आम्दानी नोक्सानीबापत उपत्यकाका प्रत्येक जिविसलाई बर्सेनी १ करोड ४० लाख रुपैयाँ अनुदान दिइयो । एक ठाउँबाट लगिने कच्चापदार्थमा कर लगाउँदा अन्तत्वगत्वा नयाँ सामानको उत्पादन मूल्यमा जोडिने र मूल्य बढ्ने भएकोले यस्तो कर खारेज गरिएको तर्क देखाइयो ।[२०] केही कबाडव्यवसायीले आफ्नो दबाबले यो कर हटेको हो भने । भक्तपुर जिविसका राजस्व शाखा प्रमुखका अनुसार जिविससँग सल्लाह नगरिकन यस्तो निर्णय भएको थियो । उद्योग वाणिज्य महासङ्घले कबाडी कर उठाउँदा अरू सामान बोकेका गाडीले पनि दुःख पाएको भनी दबाब दिएका थिए । विशेष गरी तराईका केही जिल्लामा कृषिजन्य उत्पादन बाहिर लैजाँदा कर उठाउन खोजेपछि यस्तो समस्या आएको थियो । काठमाडौंमा भने त्यस्तो समस्या नरहेको कुरा जिविस कर्मचारीले बताए । थानकोट कटेर जाने अधिकांश कबाड भारत निर्यात हुने र त्यो कर घट्दैमा तयारी सामानको मूल्यमा फरक नपर्ने थियो । कबाडी कर हटाउने निर्णय राजनीतिक थियो ।

आर्थिक कारोबार धेरै भएर पनि कबाड व्यवसायलाई नेपाल सरकारले बेवास्ता गरेको राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घ (राकव्याव्यसं)का महासचिव भन्छन् । उनका अनुसार, काठमाडौं महानगरपालिका (कामनपा)ले दैनिक ४० ट्रक फोहर सिसडोल डम्पिङ साइट पुऱ्याउँछ (कामनपाले ५० देखि ७० ट्रक बतायो) । त्यहाँबाट दिनहुँ ४ ट्रक कबाड फेरि सहरमै फर्किन्छ । कबाड लोड भएका ३५ देखि ५० ओटा ठूला गाडी दिनहुँ थानकोट कटेर जान्छन् । कबाडमा कर नलाग्ने भएकाले उनको भनाइ पुष्टि गर्ने तथ्याङ्क ठेकेदार अथवा संयुक्त जिविस समितिसित थिएन । तर संयुक्त जिविस समितिबाट हाडखोर, छाला, खुर, प्वाँख आदिमा कर उठाउने जिम्मा पाएका ठेकेदारमध्ये एकजना नेराकव्याव्यसंका अध्यक्ष पनि भएकोले त्यो सङ्घले आफ्नै लागि कुन मितिमा, कुन गाडीले, कति तौल बराबरको कुन सामान कहाँ लान लागेको हो, त्यसको तथ्याङ्क २०६९ पुस-माघदेखि राख्न थालेको छ । एकै चोटी धेरै गाडी आउँदा तथ्याङ्क छुटेको पाइयो । त्यसैले कबाड बोकेका गाडी कुनै दिन चारओटा देखिन्छन् भने कुनै दिन ३० ओटाभन्दा बढी देखिन्छन् । नेराकव्याव्यसंले डिलरवालालाई २०७० को वैशाखको सुरुतिरबाट भने एउटा फाराम ('बिल') भर्न दिएको छ । डिलरवालाले त्यो फाराम भरेर थानकोटको जिविस कर उठाउने ठाउँमा छोड्छन् । सङ्घले त्यो फाराम प्रत्येक दिन जम्मा गर्छ । 'बिल' नहुने ट्रकसँग सङ्घका मानिसले ५५० रुपैयाँ उठाउँछन् । आव २०७०/७१ को जिविसको कर नेपाल ट्रक यातायात व्यवसाय व्यवस्थापन समिति (२०५७) ले उठाउने गरेको छ । ठेकेदार फेरिएपछि अहिले नेपाल राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घले उठाउने कर रोकिएको छ । ट्रक व्यवस्थापन समितिमा कर (लेबी) उठाउन बसेका कर्मचारीले अहिले कबाड सङ्घको 'गैरकानुनी कर' असुली बन्द भएको जानकारी दिए । पहिले पनि केही समय त्यसरी कर उठाउने र त्यसपछि हराउने धेरैओटा कबाड सङ्घ आएको उनको अनुभव छ ।[२१] नेराकव्याव्यसंको तथ्याङ्क र फारामको उपयोगबारे नेराकव्याव्यसंका पदाधिकारीले केही भन्न चाहेनन् । नेराकव्याव्यसंका अध्यक्षले थानकोटबाट दिनहुँ २५-३० ओटा ट्रक पारी जाने बताए ।[२२]




चित्र १२ : व्यवसायीको अन्य आर्थिक स्रोत

राकव्याव्यसंका महासचिवका अनुसार, त्यस्तो एउटा गाडीमा २ देखि २० लाखसम्मको सामान लोड हुन्छ । १,५००-१,७०० कबाड र १२ हजार फेरिया रहेको उपत्यकाको कबाड व्यवसाय व्यवस्थित गर्न सरकारले उपयुक्त नीति ल्याउनु पर्ने उनले बताए । कारोबार हेरेर

---

[१८] स्थानीय स्वायत्त शासन नियमावली, २०५६ । परिच्छेद ७, दफा २०७, उपदफा ग-ङ । अनुसूची २३ ।

[१९] २०६९ फागुनको विभिन्न मितिमा राजस्व शाखाका कर्मचारीहरूसँग गरेको कुराकानी ।

[२०] आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य । बुँदा १३१ । संविधानसभाको व्यवस्थापिका-संसदको बैठकमा २०६६ असार २९ मा सोमबार अर्थमन्त्री सुरेन्द्र पाण्डेको आर्थिक वर्ष २०६६/६७ को बजेट वक्तव्य । अर्थ मन्त्रालय, नेपाल सरकार ।

[२१] समितिका कर्मचारीसँग २०७० असार १६ मा गरेको कुराकानी ।

[२२] सरोज श्रेष्ठसँग २०७० वैशाखमा गरेको कुराकानी ।

एक लाखदेखि ३-४ लाख धरौटी लिएर व्यवसाय गर्न दिने र गल्ती गरेको खण्डमा कारबाही गर्ने हो भने यो क्षेत्रबाट चोरीको सामान कारोबार गर्ने, ठगी गरेर व्यवसाय छोड्नेजस्ता 'अनियमितता' हटेर जाने उनले बताए ।[२३]

कबाड व्यवसायको आर्थिक महत्त्व आँक्ने क्रममा केही महत्त्वपूर्ण बुँदा छुटेका छन् । जस्तो, तामा, पित्तलजस्ता धातु फलामको तुलनामा थोरैमात्र सङ्कलित हुन्छन् । पसलमा जम्मा भएको कबाडको आयतन वा तौल लख काट्ना यस्ता धातु देखिएका छैनन् । तर यी मूल्यवान् वस्तु हुन् । कबाडपसले आफैले यिनलाई प्रति किलोग्राम छ-सात सय रुपैयाँ तिरेर किन्छन् । कम तौलको व्यापार हुँदाहुँदै पनि पसल सञ्चालनमा यो आम्दानीको विशेष भूमिका रहन्छ । ठूलो खाले कबाडमा पुरानो अफिस जेनरेटर एउटाको ६ देखि १० लाखसम्मको किनबेच हुन्छ । यस्ता अनियमित कारोबार एउटैले पनि कबाडको आयव्ययमा महत्त्वपूर्ण हेरफेर ल्याउन सक्छ । त्यस्तै, माथि गरिएको आकलनमा कबाड पसलबाटै बिक्री हुने अण्डाका क्यारेट, फलामको डन्डी, प्लास्टिक र फलामका पाइप, जस्तापाता, फलामका टुक्रा, घिउ/तेलका बट्टा, केमीकलका ड्रम, सग्लो बियर तथा पानीका काटुन आदि सामग्रीहरूको तथ्याङ्क समेटिएको छैन । अरू नियमित सामग्रीभन्दा थोरै र खुल्ला रूपमा एक दुईओटा गरेर बिक्री हुने भएकाले त्यस्ता सामग्रीको बिक्रीको तथ्याङ्क दिन कबाडपसलेहरू झन्झटिलो मान्छन् । पुनर्प्रयोग वा पुनर्विन्यासका लागि जाने सरसामग्रीभन्दा पसलबाटै खुद्रा बिक्री हुने सामान महँगा हुन्छन् । यो कारोबार कबाड व्यवसायको मुख्य अंश हैन । तर सर्वेक्षणको क्रममा यस्ता सामग्री खोज्दै कबाड पसल धाउनेको सङ्ख्या उल्लेखनीय देखियो । त्यसैले खुद्रा बिक्रीबाट कामदारको मासिक तलब, जग्गाको बहाल, दैनिक सञ्चालनजस्ता थुप्रै शीर्षकमा हुने खर्च टार्न निकै सजिलो हुन्छ ।

कबाड व्यवसायको गतिशीलता त्यहाँ संलग्न मानिस, परिवारको सहायक आर्थिक गतिविधिसित जोडेर हेर्दा बढी स्पष्ट हुन्छ । जस्तो, करीब आधा (४८.९८ प्रतिशत) कबाडव्यवसायीले खेतीपाती र अन्य वस्तुको व्यापारसमेत गर्छन् । सयकडा तीस (३०.६१ प्रतिशत) व्यवसायी मात्र कबाडको कारोबारमा पुरा निर्भर देखिन्छन् (चित्र १२, अघिल्लो पृष्ठ) । सयकडा दश व्यवसायीले आफ्नो कुरा भन्न चाहेनन् । त्यस्तै, आधाभन्दा केही कम (४४.९० प्रतिशत) कबाड धनीका परिवारका बाँकी सदस्य अरू काम गर्छन् । एक जनामात्र संलग्न भनिएको पसलमा खाना पकाउन संलग्न पारिवारिक सदस्यलाई कतिपयले कबाड व्यवसायका लागि गरिएको काम भन्दैनन् । त्यसैले कबाडमै बस्ने केही परिवारका सदस्य यहाँ छुटेका छन् । एक चौथाईजति (२४.४९ प्रतिशत) पसलमा कबाड धनीको परिवारका दुई सदस्य, र सयकडा बाह्र (१२.२४ प्रतिशत) पसलमा परिवारका तीन वा तीनभन्दा बढी सदस्यको संलग्नता देखिन्छ । पाँचमा एकजना व्यवसायी (१८.३७ प्रतिशत) ले यस्तो सूचना दिन मानेनन् (चित्र १३) ।




चित्र १३ : व्यवसायमा पारिवारिक संलग्नता

अर्को रुचिपूर्ण आर्थिक पाटो व्यवसाय सञ्चालकबाहेकका परिवारसदस्य कहाँ बस्छन् भन्ने हो । आधाभन्दा कम (४४.९० प्रतिशत) व्यवसायीका कबाडमा काम गर्ने परिवारका सदस्य काठमाडौँमा बस्छन् । पाँचमा एकजना (२०.४१ प्रतिशत) कबाड धनीले सबै परिवारसमेतका लागि काठमाडौँमै बसोवास जुराएका छन् । सोही अनुपातमा कबाड व्यवसायी काठमाडौँ र घर दुवैतिर बस्छन् । सयकडा पन्ध्र (१४.२९ प्रतिशत) ले यो सूचना दिन मानेनन् (चित्र १४) ।




चित्र १४ : परिवार सदस्यको वासस्थान

कबाड व्यवसायमा पूँजी परिचालन कसरी र कहाँबाट हुन्छ भनेर ठम्याउन गाह्रो छ । एकजना फर्निचर पसलेले सँगैको

[२३] बुढाथोकीसँग २०६९ फागुन २ मा गरेको कुराकानी ।

कबाडलाई भनेर फाइनान्सबाट एक लाख ऋण लिइदियो । केही दिनपछि कबाड धनी घर गयो, फर्केर आएपछि कबाड बेचेर भाग्दैछ भन्ने थाहा पायो । फर्निचर पसलेले कबाड धनीलाई चौकीमा लग्यो । त्यो बेलादेखि पसलेले नै कबाड पनि सञ्चालन गरेका छन् ।[२४]

## ३ख। कबाडको मूल्यमा बढोत्तरी

कबाड पसलमा आइपुगेका केही सामग्री सामान्य मर्मत गरेर वा नगरीकनै स्थानीय स्तरमा बिक्री हुन्छन् । जस्तै, पुरानो गाडी ब्ल्युबुकसहित कबाडमालिकले किन्छन् । त्यसपछि गाडीलाई खोलखाल गरेर ('गाडी काटेर') उस्तैखालका पार्टपुर्जा एकै ठाउँमा मिलाएर राख्छन् । ती पार्टपुर्जा खोज्दै आउने ग्राहकलाई नयाँभन्दा अलि सस्तोमा बेच्ने गर्छन् । स्थानीय रूपमा नबिक्रे खाले सामग्री मात्र पुनर्विन्यासको लागि कारखानासम्म पुग्ने हो । कारखानामा पठाउनभन्दा स्थानीय रूपमा बेच्दा कबाड धनीलाई बढी फाइदा हुन्छ । पुराना जस्तापाता, डन्डी, फलामका र प्लास्टिकका पाइप, स्टिलका दराज/र्‍याक पनि पसल परिसरबाटै बिक्री हुन्छन् । कबाड पसलमा यस्ता सामग्री लिन आउने धेरै ग्राहक भेटिन्छन् । यस्ता सामग्रीहरू नयाँभन्दा ३०-३५ प्रतिशत सस्तो पर्छ ।[२५]

सङ्कलन र वर्गीकरणको श्रम परेपछि कबाडको मूल्य बढ्छ । खोज्न, सम्हाली राख्न र छुट्ट्याउन गाह्रो कबाडको भाउ आपूर्ति-पथमा ह्वात्त बढ्दै जान्छ भने तुलनात्मक रूपले सुलभ, भण्डारण र स्थानान्तरण गर्दा टुटफुट नहुने, छुट्ट्याउन सजिलो कबाडको मूल्य स्थिर र थोरथोरै बढ्दै जान्छ । मिहेनतले छुट्टिँदै गएको अनुपातमा एउटै कबाडवस्तुको मूल्यमा विविधता आउँछ (तालिका १) । नेपालमा पन्ध्र-बीस प्रकारले छुट्ट्याइएका कबाड भारतका कारखाना पुगेपछि झण्डै १५० प्रकारमा विभाजित हुन्छन् । सामग्रीको विभाजनमा सीप र समय दुवै लाग्ने भएकोले वर्गीकरणपिच्छे कबाडजन्य तत्त्वको मूल्य बढ्नु स्वाभाविक हो । कबाड धनीहरूले फेरिया/रिक्सावालाबाट लिने कबाडीको तौल घटाएर आँक्छन् । कबाड पसलमा राखिएको पाँच केजीभन्दा माथिको ढकमा थप तौल 'पासाङ' राखिएको हुन्छ । फलामका टुक्रा राखेर तराजुको सन्तुलन पनि बिगारिएको हुन्छ । त्यसबाहेक असमान शक्तिस्तरको फाइदा उठाउँदै कबाड धनीले फेरियाहरूले ल्याएका दश केजी कबाडीलाई साढे नौ वा नौ केजी मान्ने 'सलामी' चलन पनि छ । त्यसैले डिलरहरू कबाड धनीबाट सामान लिन जाँदा *डिजिटल* तराजु पठाउँछन् ।

पसलबाट ल्याइएका कबाडलाई डिलरकहाँ पनि छुट्ट्याउने, सफा गर्ने र स्थानीय तहमै बेच्ने काम हुन्छ । कारखानासम्म ढुवानी गर्नु पर्ने कबाडलाई लोड-अनलोड गर्न सुविधा होस्, र ढुवानी भाडामा बढीभन्दा बढी किफायत होस् भनेर डिलरले आफूकहाँ चेप्ने मेसिन राखेका हुन्छन् । भारतबाट ल्याएर जडान गर्दा मिनरल वाटरका बोतल च्याप्ने सानो खालको चेप्ने मेसिनको डेढ लाख रुपैयाँसम्म र काटुन टुक्रा, मिनिरल वाटर र कोकको बोतल चेप्ने ठूलो मेसिनलाई १५-२० लाख रुपैयाँसम्म पर्छ । डिलरको मुख्य खर्च भनेको घरटहराको बहाल, कबाडी छुट्ट्याउने, लोड-अनलोड गर्ने कर्मचारीलाई दिने तलब, र चेप्ने मेसिनको लागत, कबाड पसलबाट ल्याउने र कारखानासम्म पुर्‍याउने कामको खर्च हो । अरू व्यवसायमा जस्तै कबाड व्यवसायमा पनि कच्चापदार्थको सङ्कलन अथवा उत्पादन गरिबको काम हो भने त्यसको महँगो स्थानान्तरण धनीमानीको काम हो ।

**तालिका १: पुनर्विन्यास-चक्रमा कबाडी सामानमा मूल्य वृद्धि प्रति केजीमा**

| क्र.सं. | सामान | फेरिया | कबाडधनी | पाटी | कारखाना | पुनरुत्पादित सामान |
|---|---|---|---|---|---|---|
| १ | फलाम | २० | २७[क] | ३२ | ३६ | ७०[ख] |
| २ | कागज | ८ | १३ | १५ | १९ | ७०[ग] |
| ३ | प्लास्टिक | १२ | २० | २८ | ४८ | १२० |
| ४ | काटुन | ३ | ८ | ११ | १६ | |

क : करिब ७०% कुचा र ३०% टिना हुन्छ भन्ने अनुमानमा आधारित । ख : यो डन्डीको मूल्य हो । ढल र पाइप फिटिङ सामग्रीको औसत दररेट १३० रुपैयाँ प्रतिकेजी पर्छ । फिटिङको सामग्री बनाउने कारखानाले हेवी अथवा कुचा भनिने टुक्रा फलाम ३८ रुपैयाँ प्रति केजीको हाराहारीमा मात्र किन्छ । ग : यो ह्वाइटपेपरको मूल्य हो । क्राफ्टपेपर बनाउने कारखानाले भने १३ रुपैयाँ प्रतिकेजीमा कागज किन्ने र आफ्नो उत्पादनलाई ३७-४१ रुपैयाँ प्रतिकेजीमा बेच्दछ ।

कबाड स्थायी प्रकृतिको व्यवसाय हो भनेर पुष्टि गर्ने एउटा सामान्य तरिका त्यहाँका कामदारको रोजगारीका शर्त केलाउनु हो । सुनिश्चित कारोबारमा मात्र कामदारलाई मासिक तलब दिन सकिन्छ । उपत्यकाको कबाड व्यवसायबाट मुनाफा आर्जन निश्चितप्राय: हो भन्ने कुरा झण्डै दुई तिहाई (६२.९६ प्रतिशत) कबाड धनीले तलबी कामदार राखेबाट स्पष्ट हुन्छ । सयकडा तीस कबाडमा (२९.६३ प्रतिशत) दैनिक ज्याला दिइन्छ भने थोरै (७.४१ प्रतिशत)मा मात्र प्रतिकेजी आपूर्तिका दरले पैसा दिइन्छ । कामदारको मासिक तलबमा व्यापक विभेद छ । कोही ५०० रुपैयाँ पाउँछन् भने कोही १० हजार रुपैयाँसम्म पनि पाउँछन् । कबाडीमा काम गर्ने प्राय: कामदार अल्पवयस्क (१५-१६ वर्षमुनिका) छन् । तिनीहरूले गर्ने काम सीपयुक्त हुँदैन अथवा काम गरेर नै चाहिने सीप सिक्न सक्छन् भनेर कम उमेरका कामदारको छनौटलाई कबाड धनीहरू जायज ठहर्‍याउँछन् । ज्यालादारी गर्नेहरूलाई कामको प्रकृति र आवश्यक सीप हेरेर दैनिक १२० देखि ६५० रुपैयाँसम्म ज्याला दिने गरिन्छ । रङ्ग र चिल्लो/खस्रो गरी कतरनलाई दुई-तीन प्रकारले

[२४] एक कबाडधनीसँग २०६९ चैत १८ मा गरेको कुराकानी ।

[२५] सामाखुशीका एक कबाडधनीसँग २०६९ पुस ५ मा गरेको कुराकानी ।

छुट्ट्याउनेहरूलाई दिनको १२० रुपैयाँ मात्र दिइन्छ । गाडीको सामान खोल्ने, र सामान्य मर्मत गर्नेहरूलाई दैनिक ६५० रुपैयाँसम्म दिइन्छ । पोलिथिन व्याग च्यातेर सुकाउन प्रति केजी २ देखि २/५० रुपैयाँ, र सिसडोल डम्पिङ साइटबाट आएको सामान छुट्ट्याउन प्रति केजी ३ रुपैयाँ दिइन्छ । फलाम डन्डी सीधा बनाउनेलाई मोटो डन्डीको २ रुपैयाँ, मसिनोको ३ रुपैयाँ दिइन्छ । डन्डी सीधा गर्नेजस्तो काम प्राय: पसल-पसल डुलेर काम गर्ने मिस्त्रीहरूबाट गराइन्छ । कबाडीपसलको रोजगारी श्रम ऐनलगायत सरकारी विधिविधानको दायरामा आउँदैन ।

## ४। कबाडमा राजनीति

उपत्यकाका कबाड व्यवसायीहरूलाई सङ्गठित गर्ने प्रयत्न माथि भनीसकिए झैं यस क्षेत्रको आर्थिक महत्त्व स्थापना भएलगत्तै देखिन थालेको हो । विभिन्न नाउँमा रहेका कबाडी सङ्घहरूको राजनीति मुख्यतया: चन्दा/हप्ता/गुण्डागर्दीसँग र सरकारलगायतका अन्य राजनीतिक संरचनासँग गरिने सामूहिक लेनदेनसँग जोडिएको छ । कबाड सङ्घ किन छ, छैन; यसले के गर्छ, के गर्दैन; अथवा सङ्घ किन र कसलाई चाहिएको हो भन्नेजस्ता प्रश्नको सजिलो उत्तर छैन । कबाडव्यवसायीहरू प्राय: यस विषयमा बोल्न रुचाउँदैनन् । अधिकांशत: गैर-नेपाली भएकाले अथवा तिनको राष्ट्रियता संदिग्ध ठानिने भएकाले ती मौन रहन खोजेका हुन् । यसरी मौन व्यवसाय गर्न चाहने कबाड धनीहरूले आफ्नो सुरक्षाको उपयुक्त रणनीति भने अपनाएका छन् । कबाड सङ्घको सामूहिक मञ्चतिर लाग्नुभन्दा तिनले आ-आफ्नै 'व्यवस्था' गरेका छन् । काठमाडौँका स्थानीय र पहाडी समुदायका केही मानिसहरू पछिल्लो समयमा यो व्यवसायमा लागेपछि देशको दलगत गुट-उपगुटको राजनीतिको प्रभाव यहाँ देखिएको छ ।

भारतका कतिपय स्थानमा रहेकोजस्तो 'हप्ता' उठाउने चलन नेपालमा नभएको केहीले बताए । हप्ता दिनुपर्छ कि पर्दैन भनी सोध्दा प्राय: सबैले पर्दैन, पहिले पहिले पैसा माग्नेहरू आउँथे, अहिले आउँदैनन् भने । हप्ता उठाउने समस्या हुँदै नभएको चाहिँ होइन । सङ्घले सबै ठाउँ सधैं हेर्न सक्तैन, आफ्नो 'व्यवस्था' आफै गर्न एक व्यवसायीले कबाड पसलछेवै बस्ने स्थानीय 'दादा'लाई सय/दुई सय हातमा थमाउँछन् र 'परेको बेला' उसैलाई बोलाउँछन् । माग्न आउने सबैलाई दिन नसकिने भएकाले उनले आत्मसुरक्षाको उपाय अपनाएका हुन् ।[२६] केही समयअघि सिनामङ्गलको एउटा कबाडमा खुकुरी लिएर केही युवा आए । तिनले मासिक २५ हजारको दरले प्रत्येक कबाडले आफूहरूलाई 'कर' दिनुपर्ने माग राखे । कबाड व्यवसायीहरूले प्रहरीलाई बोलाए । प्रहरीले तिनीहरूलाई पक्रियो । केही दिन थुनिएपछि ती उम्के । त्यो भेगमा अहिले यस्ता गुण्डाहरू आउने गरेका छैनन् । प्रहरीले लगाएको गुन र त्यतिखेर दिएको आश्वासनको बदला त्यस भेगका कबाड धनीले प्रहरीकहाँ गएर दशैँखर्चको रूपमा तिर्छन् ।[२७] समस्या परेपछि प्रहरी आइहाल्ने कुरा सामाखुसीभेगका कबाडव्यवसायीहरूले बताए । तिनीहरूले पनि प्रहरीलाई 'खुसी पार्ने' गरेका छन् । शङ्खमूलछेउ एउटा कबाडपसलेले थर्काउने, धम्काउने, चन्दा माग्नेहरू आए हामीले पनि त्यसको 'व्यवस्था' गरेका छौं भने । के व्यवस्था गरेका छन् बताएनन् ।[२८] तर अघिअघि पैसा माग्न आउनेहरू छेउमै नेकपा (माओवादी)को भातृसंस्था वाईसीएलको कार्यालय बसेपछि नआएको भने बताए ।[२९] कबाडछेवैको एकजना फर्निचर पसलेले चाहिँ राजनीतिक दलका तथा स्थानीय क्लबका मानिस कहिलेकाहीँ चन्दा माग्न आउने गरेको बताए । ती कस्ता मान्छे हुन्छन् नि भनेर सोध्दा, उनले भने, सानातिना दादाले पनि गेटमा लात्तले हान्ने ठाउँ कबाड पसल हो । हप्तासरह नियमित पैसा उठाउने चलन नभए पनि अनियमित चन्दा भने सबै कबाड धनीले बेहोर्न परेको छ । प्रत्येक ठाउँको सूक्ष्म-राजनीतिको बान्की फरक हुने भएकोले कबाड धनीहरू स्थानीय समस्याबारे बोल्न चाहँदैनन् ।

प्रहरीले काठमाडौँबाहिर सामान लिएर जाने कबाड व्यवसायीबाट समेत पैसा लिने गरेको देखिन्छ । २०७० साउन ११ मा महानगरीय प्रहरीवृत्त थानकोटका डिएसपी तेजेन्द्र पौडेललाई कबाड व्यवसायीसँग घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पक्राउ ग-यो । व्यवसायीले घुसमा दिइने ३५ हजार रुपैयाँको फोटोकपी अख्तियारलाई खबर गर्दा बुझाएका थिए । सञ्चारसेट र युनिफर्ममा आएका उनी रङ्गेहात पक्राउ परे । व्यवसायीले थानकोट नाकाबाट कबाडी 'पास' गराउन त्यो रकम मागिएको बताए भने पौडेलले आफ्नो गाडी बनाउन व्यवसायी आफैले सहयोग गरेको बताए । साउन ६ मा डिएसपीमा बढुवा भएर चितवनमा सरुवा भैसकेका हुनाले पौडेललाई कबाड व्यवसायीले समात्न लगाउन सकेका हुन् । कबाडको नाउँमा गाडीमा के लोड भएको छ थाहा नहुनाले जिविसिले कर उठाउँदा सामान चेक गर्न खोज्छ । कबाड बोकेको गाडीमा अरू सामग्री लाने सम्भावना हुँदै नभएको पनि होइन । तर चेक-जाँचको ढीलासुस्तीले र लोडअनलोडको व्ययभार व्यवसायी आफैले बेहोर्नु पर्ने भएकाले तिनले पनि यथासम्भव झन्झटमुक्त हुन खोज्छन् ।

'यस्तै खाले' समस्याले गर्दा राकव्याव्यसंका महासचिव ज्ञानेन्द्र बुढाथोकीले आफू कबाडसङ्घको राजनीतिमा लागेको बताए । केही वर्ष पहिलेसम्म ज्ञानेन्द्र सुन्धाराको फुटपाथमा जुत्ता पसल चलाउँथे । त्यति बेला उनको चिनजान कबाड सङ्घका तत्कालीन अध्यक्ष महेश

[२६] नाम उल्लेख गर्न नचाहने कपनका एक कबाड व्यवसायीसँग २०६९ फागुन २ मा गरेको कुराकानी ।

[२७] नाम उल्लेख गर्न नचाहने सिनामङ्गलका एक व्यवसायीसँग २०६९ चैत ६ मा गरेको कुराकानी ।

[२८] नाम उल्लेख गर्न नचाहने शङ्खमूल छेउका एक कबाड व्यवसायीसँग २०६९ चैत १० मा गरेको कुराकानी ।

[२९] नाम उल्लेख गर्न नचाहने ताहाचलका एक कबाड व्यवसायीसँग २०६९ पुस ६ मा गरेको कुराकानी ।

कलवारसँग भयो । ज्ञानेन्द्र जोखिमपूर्ण काम गर्न रुचाउँथे र घटनाको केन्द्रमा रहन मन पराउँथे । उनलाई 'त्यस्तै खालको लफडा' हुँदा कलवारले लान थाले । बिस्तारै ज्ञानेन्द्र कबाड सङ्घको कार्यालय-सचिव भए । पछि सङ्घको सचिव हुँदै महासचिव बने । कबाड पसल नभएको मानिसलाई कबाड सङ्घको महासचिव दिनु हुन्न भनेर केहीले विरोध गरे । त्यसपछि ज्ञानेन्द्रले कबाड पसल किन्ने सोच बनाए । २०६७ मा कपनको चल्तीको एउटा कबाड उनले किने । पछि, अध्यक्ष महेश कलवारले भ्रष्टचार गरेको र पुलिस लगाएर कबाड व्यसायीलाई ठग्ने गरेको आरोप लगाएर ज्ञानेन्द्रले उनलाई पदमुक्त गरे । कबाडमा आइपुग्ने हरेक सामान चोरीको हो होइन छुट्ट्याएर किन्ने कुरा आउँदैन । कुन सामान किनेर आइपुगेको हो, कुन चोरी गरेर, कबाडलाई थाहा हुँदैन । कहिलेकाहीँ धनी आफै आफ्नो चोरी भएको सामान लिन आइपुग्छन् । त्यस्तो बेला कबाड धनीहरूले सङ्घ गुहार्छन् । तर कलवारमाथि २-३ ठाउँमा उनले पुलिसलाई कबाडबाट २०-३० हजार उठाउन लगाउँछन् र मिलेमतोबापत पुलिसबाट पैसा लिन्छन् भन्ने आरोप लाग्यो । "महेश कलवारले पैसा खायो," अरू कबाड धनी पनि बताउँछन् । ज्ञानेन्द्रका अनुसार, त्यसपछि कलवारलाई 'कारबाही' गरिएको हो । अहिले महेश कलवार कबाड सङ्घमा छैनन् ।

अनौपचारिक आर्थिक क्षेत्रभित्र राजनीति गर्ने संस्थाको स्वरूप तरल हुन्छ । त्यहाँ राजनीति गर्ने व्यक्तिहरूको परिचय, पेशा र सम्बन्धन जटील हुन्छ । राकव्याव्यसंका तत्कालीन अध्यक्ष महेश कलवार पहिले एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)मा थिए । २०६९ असारदेखि माओवादी त्यागेर शरदसिंह भण्डारीले नेतृत्व गरेको पार्टीमा लागेका छन् । कबाड व्यवसाय छोडेर राजनीतिमा पूर्णकालीन लागेको बताए पनि कानूनी दृष्टिले आफू अझै सङ्घको अध्यक्ष रहेको उनको दाबी छ । ज्ञानेन्द्रले चलाएको भनिएको कबाड सङ्घ कलवारको सक्रियतामा खुलेको भए पनि उनैलाई त्यहाँबाट निकालिएको छ । कबाड सङ्घ र ज्ञानेन्द्रको नाम सुन्ने बित्तिकै उनी उत्तेजित देखिए ।[३०] ज्ञानेन्द्र पहिले एनेकपा (माओवादी)मा नै थिए । अहिले उनी मोहन वैद्यले नेतृत्व गरेको नेकपा-माओवादीमा छन् । राकव्याव्यसंका महासचिव आफू, रामजीप्रसाद भण्डारी अध्यक्ष र एउटा कबाड सङ्घका पदाधिकारी मध्येका सरोज श्रेष्ठ कोषाध्यक्ष भएको ज्ञानेन्द्रले बताए । तर उनैले भनेको राकव्याव्यसंको खसीबजारको कार्यालय पुग्दा त्यहाँ सङ्घको नाम नेपाल राष्ट्रिय कबाड व्यापार व्यवसायी सङ्घ, अध्यक्ष सरोज श्रेष्ठ र रामजीप्रसाद भण्डारी सचिव र ज्ञानेन्द्र बुढाथोकी चाहिँ महासचिव रहेको जानकारी दिइयो । संस्था दर्ता मितिका आधारमा राकव्याव्यसंभन्दा नेराकव्याव्यसं पुरानो देखिन्छ । त्यसैले यी दुवै सङ्गठन कुनै बेला समानान्तर चलेका थिए र महेश कलवार हटाइएपछि यिनीहरूबीच एकीकरणको प्रयास भएको देखिन्छ ।[३१]

कबाड सङ्घको राजनीतिमा पैसाको चलखेल प्रशस्त देखिन्छ । धेरै कबाड धनीले सङ्घका मानिसले पैसा खाए, काम गरेनन् भनेका छन् । सङ्घको सदस्यता शुल्क २५० रुपैयाँ भए पनि सदस्यता दिएका सबैले १,००० देखि १,२०० रुपैयाँसम्म दिएका छन् । सदस्यता नवीकरणको प्रावधान छ । तर सङ्घले एकपटकको उठतीबाटै सन्तोष गरेको देखिन्छ । अहिले नेराकव्याव्यसंमा ११९ व्यवसायी सदस्य छन् । अधिकांश सदस्यहरू डिलरवाला हुन् । अरू साना व्यवसायीहरूलाई समेट्ने योजना बनेको सरोज श्रेष्ठले बताए । थानकोट नाकाबाट बाहिरिने कबाडको 'बिल'को सङ्कलन र 'बिल' नहुने ट्रकसित असुलिने दण्ड दुवैले डिलरवालाहरूसित सङ्घले सदस्यता शुल्कबाहेक व्यापार-करसरह रकम उठाउँछ भन्ने अपुष्ट आधार छ ।[३२] तर सदस्यता शुल्कले मात्रै सङ्घ चल्दैन स्वीकार्दै सङ्घका अध्यक्ष सरोज श्रेष्ठले पदाधिकारीहरूको 'सहयोग' पनि चाहिन्छ भने ।[३३] यस्ता 'सहयोग' व्यवसायीहरूको संरक्षण गरेबापत असुल्ने रकमको अंश हुनेगर्छ । कलंकीमा एउटा पुरानो गाडी किनबेचमा एकजना कबाड व्यवसायी साक्षी बसेथे । खरिदकर्ताले दिएको चेक सटही भएन र तिनी सम्पर्कहीन भए । गाडीधनीले साक्षीसित चेक होइन, पैसा नै दिनुपर्ने दबाब दिन थाले । दबाब दिने काममा वैद्यपक्षका माओवादी पनि संलग्न थिए । साक्षीले कबाड सङ्घ गुहारे । सरोज श्रेष्ठ 'वार्तास्थल' पुग्दा गुण्डा बोलायो भनेर माओवादीहरू रिसाए । कुरा चल्दै जाँदा सरोजले आफ्नो सङ्घ पनि माओवादी पार्टिकै भातृ सङ्गठन भएको भने । त्यसपछि गाडी लिएर फरार भएका व्यक्तिलाई खोज्ने सहमती भयो । यसरी कुरा मिल्नमा नेराकव्याव्यसंको कार्यालयको भित्तामा झुण्डिएको मार्क्स, लेनिन, स्टालिन र माओका फोटाको भूमिका थियो । सङ्घका उपाध्यक्षले भने, 'उनीहरूले एनेकपा (माओवादी) भनेका भए म पनि एनेकपा (माओवादी) नै बन्दिन्थेँ । सरोजले चाहिँ ती फोटा नेराकव्याव्यसंले होइन, कोठा पहिले भाडामा लिएको संस्थाले झुण्ड्याएको थियो भने । पछि 'गाडी काट्ने' कबाड व्यवसायीहरूले सरोज श्रेष्ठ पहिलेदेखि नै 'बबाली' अथवा 'दादा' हुन्, कबाड चलाउनेभन्दा पनि साथी बनाउने र लफडा मिलाउने काम गरेर कमाउने मानिस हुन् भने ।

---

[३०] महेश कलवारसँग २०६९ चैत २२ मा गरेको कुराकानी ।

[३१] नेराकव्याव्यसंको उद्देश्य बुझ्न संस्थाको विधान हेर्न भने सरोज श्रेष्ठले दिन मानेनन् ।

[३२] गुर्जुधारामा नेपाल ट्रक व्यवस्थापन समितिले ट्रकको प्रकार हेरेर थानकोट हुँदै बाहिरिने गाडीबाट रु ११०-१२० सम्मको रसिद काटेर पैसा उठाउने गरेको छ । उनीहरू आफूले उठाउने गरेको लेबीलाई कानूनी भन्छन् र कबाडव्यवसायीले उठाउने गरेको कर भने गैरकानुनी भएको बताउँछन् । यसअघि पनि विभिन्न कबाड सङ्घले यसरी नै कर उठाउने र हराउने गरेको नेपाल ट्रक यातायात व्यवसाय व्यवस्थापन समितिका एकजना कर्मचारीले बताए । केही अघिसम्म नेराकव्याव्यसंले प्रतिट्रक रु ३०० का दरले उठाउने गरेको जानकारी उनले दिए । आव २०७०/७१ को जिविसको ठेक्का ट्रक व्यवसायीले नै लिएपछि राकव्याव्यसंको कर बन्द भएको छ ।

[३३] सरोज श्रेष्ठसँग २०७० वैशाखमा गरेको कुराकानी ।

बेलामौकामा कबाड व्यवसायबाट राजनीतिक दल-गुटले फाइदा उठाउने गरेका छन् । पछिल्लो उदाहरण दोलखाको सदरमुकाम चरिकोटमा भएको तरुण दल र वाईसीएलबीचको झडप हो । सशस्त्र द्वन्द्वको बेला रामेछापको नामाडीमा एउटा डोजर जलाइएको थियो । त्यो डोजरका पार्टपुर्जा जिरीतिरका युवाहरूले निकै सस्तो मूल्यमा किनेका थिए ।[३४] बेच्दा करिब १५/१६ लाख आउने कबाडी फलाम उनीहरूले ३/४ लाखमा नै हात पारेका थिए । यो जानकारी पाएपछि वाइसीएलका कार्यकर्ताले कबाडी सामान काठमाडौँ नहिँड्दै ३/४ लाख कमिसन माग्न थाले । कमिसन नपाएपछि २०७० जेठ १९ मा तिनले कबाडी बोकेका तीनओटा गाडीलाई चरिकोटमा रोके । पछि तरुण युवा समन्वय समिति, दोलखाका संयोजक सानु शेर्पाले कबाडी काठमाडौँ जाँदैछ, मिलाएर कमिसन खान सकिन्छ भन्ने शुभलाभ सल्लाह पाए । शेर्पा चरिकोट चोकमा पुग्दा वाईसीएल दोलखाका अध्यक्ष नवीन जिरेललगायत वाईसीएल कार्यकर्ता जम्मा भएका देखे । जिरेल बहिर्गमित लडाकुको रूपमा भर्खर मात्र आएका थिए । उनीहरूले एक अर्कालाई चिनेनन् । अहिले समय फेरिएको भन्दै शेर्पाले जिरेलमाथि हात छोडे । सानो कदकाठीका जिरेलउपर बलिया शेर्पा हावी भए । त्यसपछि प्रहरीभ्यानमा जाँदै गरेका शेर्पामाथि वाईसीएल कार्यकर्ताले आक्रमण गरे । वाइसीएल र तरुण दलबीच झडप भयो । नेपाली कांग्रेस र एनेकपा (माओवादी)का जिल्ला कार्यालयबाट विज्ञप्ति निकालियो । एनेकपा (माओवादी)ले कांग्रेसद्वारा संरक्षित व्यक्ति र सानु शेर्पाको मिलेमतोमा गैरकानूनी रूपमा कबाड काठमाडौँ जान लागेको खबर प्रशासनलाई दिएकाले जिरेलमाथि हातपात भएको भन्यो । नेपाली कांग्रेसले भने गाडीका कर्मचारीउपर हातपात गर्दै चन्दा माग्नेहरूलाई सम्झाउन गएका शेर्पामाथि साङ्गातिक आक्रमण गर्ने दोषीविरुद्ध कारवाही नभएसम्म दोलखा बन्द गर्ने विज्ञप्ति निकाल्यो ।[३५] कमिसन खान पदाधिकारीले कसरी पार्टी सङ्गठनलाई उपयोग गर्छन् र प्रयोग गरिएको थाहा पाउँदा पाउँदै पनि सङ्गठनले त्यस्तै व्यक्तिलाई काखी च्याप्छन् भन्ने यसबाट बुझिन्छ । त्रिभुवन विश्वविद्यालय परिसरबाट उत्पन्न हुने कबाडीको बिक्रीमा त्यहाँका विद्यार्थी सङ्गठन नियमित रूपले संलग्न हुन्छन् । राजनीतिक आड, मिलेमतो र बाहुबलको आधारमा हुने यस्ता गतिविधि बेलाबखतमात्रै प्रकाशमा आउँछन् ।

कबाड व्यवसायको आर्थिक महत्त्वलाई राजनीतिक दलसित उठबस गर्ने बाहुबलीहरूले बुझेका छन् । काठमाडौँको पर्यटकीय क्षेत्र ठमेलमा कुनै पनि फेरियालाई दीपक मनांगेका मान्छेले छिर्न दिँदैनन् । नेपालको सबैभन्दा धेरै बियर तथा रक्सी खपत हुने ठाउँ ठमेल हो । त्यहाँ विनाप्रतिस्पर्धा मनांगे समूहले निकै सस्तोमा बोतल उठाउँछ । रक्सी तथा बियरको बोतलबाट मात्रै उनले दैनिक हजारौँ आम्दानी गर्ने गरेको ज्ञानेन्द्र बुढाथोकीले बताए । पैसा हुने ठाउँमा गुण्डागर्दी हुने र गुण्डागर्दी हुने ठाउँमा राजनीति हुने सम्भावना रहन्छ । प्रायः सबै कबाडले 'परेको बेला'मा हामीलाई कबाड सङ्घले सहयोग गर्छ भने । कबाड व्यवसायमा त्यस्तो 'झमेला' राजनीतिक हुने गरेको छ । कबाड सङ्घको उपस्थितिले समस्यालाई हल गर्न केही सहयोग हुन्छ । कबाड सङ्घको खसीबजार कार्यालयमा भेटौँ न भन्दा ज्ञानेन्द्रले नियमित रूपमा कार्यालय नखोलिने बताए र भने, "कुनै कबाड पिटियो भने मात्र हामी जम्मा हुन्छौँ ।" सङ्घको राजनीति पैसासँग मात्र होइन, व्यावसायिक सुरक्षासँग जोडिएको छ । कबाड व्यवसायीले पनि त्यही सुरक्षा पाउन कहिले सङ्घलाई पोस्छन्, कहिले स्थानीय 'दादा'लाई, अथवा कहिले कुनै प्रभावशाली स्थानीयलाई साझेदार बनाउँछन् ।

त्यसैले कबाड सङ्घको सक्रियता राजनीतिक दलगुटसितको समीकरण, बाहुबलको प्रदर्शन र प्रतिनिधित्वको वैधानिकताको त्रिकोणभित्र देख्न सकिन्छ । यी तीन बाध्यतामा सङ्घ अल्झेको छ । कबाड व्यवसायलाई करको दायराभित्र नल्याउँदा मात्र होइन, व्यवसायलाई असुरक्षित अर्थतन्त्रको हिस्सा बनाइराख्दा राजनीतिक दलका केही गुटका कार्यकर्ताहरू, पेशेवर गुण्डाहरू, र प्रतिनिधित्वको नाउँमा लेनदेन गर्न बानी परेकाहरूलाई सजिलो भएको छ । त्यसैले कबाड व्यवसायलाई अझ बढी व्यवस्थित र सुरक्षित गर्दै लैजान, मुलुकको औपचारिक अर्थतन्त्रभित्र समाहित गर्ने हो, कि अनौपचारिक अर्थतन्त्रभित्रैको नमूना व्यवसाय बनाउने हो, यसबारे सङ्घका पदाधिकारीहरूले स्पष्ट दृष्टिकोण बनाउन सकेका छैनन् ।

## ५। उपसंहार

यो सर्वेक्षणको मुख्य ध्येय काठमाडौँ उपत्यकाको अर्थतन्त्रमा कबाड व्यवसायको आकार पहिल्याउनु थियो । माथि भनी सकिए झैं ५,६०० जना फेरियाद्वारा दिनहुँ सङ्कलित, ८०० ओटा कबाड पसलमार्फत बिक्री हुने, घटिमा २ अर्ब १५ करोड रुपैयाँको वार्षिक कबाड कारोबार हुन्छ । घर, अस्पताल र समुदायबाट उत्पन्न भएदेखि कारखाना पुगेर नयाँ स्वरूप र संरचना लिएर फेरी घरबजारमा नआइपुगुञ्जेल कबाडको प्रवाह-पथमा धेरै श्रम, पूँजी र प्रविधिको लगानी हुन्छ । सहरीकरण र आप्रवासनका कारण कबाड व्यवसाय फैलने क्रममा छ । कबाड पसलको सङ्ख्या प्रत्येक डेढ वर्षमा दोब्बर हुँदैछ ।

उपत्यकाको कबाड व्यवसायबाट प्रत्यक्ष अप्रत्यक्ष लाभ लिने धेरै छन् । कबाड सङ्कलन भएकैले नगरपालिकाहरूले आधामात्र फोहोरमैला सङ्कलन र ढुवानी गर्न पाए, पुनर्प्रयोग र पुनर्विन्यास हुन सकिने कतिपय वस्तु आयात गर्नु परेन, प्राकृतिक स्रोतको थप दोहन कम भयो, अक्षय र विषालु कतिपय सामग्रीले प्रकृतिलाई दुषित गर्न पाएन । अरू अनौपचारिक आर्थिक गतिविधिको क्षेत्रजस्तै यो व्यवसायको नाफामुखी लेनदेनमाथि एकाधिकार राख्ने योजना

[३४] पत्रपत्रिकामा चरिकोटका मनोज श्रेष्ठलाई खरिदकर्ताको रूपमा प्रस्तुत गरिएको छ । तर उनले पाटपूर्जा किनेका होइनन् भन्ने कुरा चरिकोटका स्थानीय व्यक्तिहरूसँग २०७० को जेठ र असार महिनामा टेलिफोनमार्फत बुझ्दा थाहा भयो ।

[३५] योञ्जन, सुवास । २०७० । दिनभर चरिकोट तनावग्रस्तः वाईसीएल र तरुण दलबीच झडप । *अन्नपूर्ण पोष्ट*, २० जेठ, पृ. ५ ।

बोकेका राजनीतिक दलगुटका कार्यकर्ता, बाहुबली र तिनका आसेपासेहरूको बिगबिगी छ । तिनीहरूको 'हप्ता', चन्दा र अग्राधिकारको माग थेग्न तिनीहरूजस्तै सत्ताका आकांक्षा बोकेका बाहुबलीहरूले कबाड व्यवसायीहरूलाई सङ्गठित राखे भैँ गरेका छन् । कबाड सङ्घका पदाधिकारी भएर शक्ति, सुविधा र पैसाको लेनदेनमा लिप्त विभिन्न सङ्घ बेलाबेलामा सरकारसित र गैससित प्रतिनिधित्वको लाभ उठाइरहेका हुन्छन् । कबाड व्यवसायको आकार बढ्दै जाँदा यसबाट लाभ पाइरहेका र लिन खोजिरहेकाहरूबीच द्वन्द्व र सहकार्य दुवै भन् घनीभूत हुँदै जाने निश्चितप्राय: छ ।

कबाड व्यवसायभित्रको ठेट र लौकिक अर्थशास्त्रमाथि उति साह्रो ध्यान दिइएको देखिँदैन । बरु के भनिन्छ भने सहरीकरण र औद्योगिकीकरणजस्ता तीव्र आर्थिक गतिविधिबाट ठूलो मात्रामा भौतिक वस्तु पुराना हुन्छन्, थोत्रा थन्किन्छन्, र खेर जान्छन् । आर्थिक समृद्धिका निम्ति खेरवस्तुको उप-उत्पादन अपरिहार्य हुन् । सिङ्गो अर्थराजनीति बेहिसाब उत्पादन, वितरण र खपततिर लक्षित हुनुपर्छ । खेर वस्तु तह लगाउन प्राविधिकहरूले कुनै न कुनै उपाय निकाल्ने नै छन् । विकासे अर्थराजनीतिको यो मूलधारबाटै भण्डै पचास वर्षअघि प्रकृतिप्रेमीहरू निस्के जो आर्थिक विकासबाट वातावरणमा पर्न गएको असरबारे चिन्तित थिए । तिनले खेरवस्तुमध्येका अपाच्य कुरालाई फेरि प्रयोगमा ल्याउन सके प्रदूषणका स्रोतको उचित व्यवस्थापन हुने, साथै प्राकृतिक स्रोतको बेहिसाब दोहन पनि केही कम हुने आशा राखे । यो आशा नै वस्तुको पुनर्प्रयोग र पुनर्विन्यासबारे आजको लोकप्रिय वातावरण-मैत्री तर्कको मूल हो । वातावरणीय सरोकार राख्नेहरूले खेरजाने वस्तुलाई तह लगाउने विविध तरीका श्रेणीबद्ध (waste hierarchy) गरे । यो प्राविधिक ऊँचनीच हरित अर्थ-राजनीतिको मूल आधार बनेको छ । कबाड व्यवसायलाई फोहोरमैला तथा स्रोत व्यवस्थापनको विषय ठानिनु हरित अर्थ-राजनीतिको असर हो ।

तर वातावरणीय मुद्दाभित्रबाट उठेको पुनर्प्रयोग र पुनर्विन्यासको यो प्रविधि-केन्द्रित नीति लागू गर्न कठिन छ । किनभने चर्को व्यावसायिकीकरण र अदम्य उपभोक्ता संस्कृतिका बेला सबै खाले कार्यक्रम मितव्ययी साबित भए मात्र स्वीकार्य हुने परिस्थिति छ । तर धातु र अरू केही मूल्यवान् वस्तुबाहेक प्राय: सबै कबाड संशोधनको प्रविधि पैसा र ऊर्जा दुवै दृष्टिले खर्चिला र अलभ्यप्राय: छन् । तुलनात्मक हिसाबले कबाड धातुकै पुनरुत्पादनको अर्थशास्त्र पनि अपत्यारिलो जगमा उभिएको छ । जस्तो, त्यसले बनाएको लाभहानीको गणितमा कबाड सङ्कलनको खर्च जोडिएको हुँदैन, न कबाड स्रोतको विस्तार र घनत्वबारे तिनको खाका नै यथार्थपरक छ । कबाडको पुनर्प्रयोग र पुनर्विन्यासको यही अनाकर्षक आर्थिक आधारका कारण *रिसाइक्लिङ* शब्दमाथि संभ्रान्त र नैतिक रङ्ग चढेको हो । पुनरूत्पादित वस्तुलाई बजारमा अभिजातवर्गको मर्यादा र नैतिक श्रेष्ठता अनुकूल बजारमा प्रस्तुत गर्ने चलन बसेको हो । यसबाट एउटा दुर्भाग्यपूर्ण द्विविधा समाजमा देखापरेको छ । एकातिर, कबाड सङ्कलन र पुनर्प्रयोगलाई विपन्न मानिसहरूको आफूलाई बचाई राख्ने सङ्घर्षपूर्ण रणनीतिको रूपमा हेरिन्छ । अर्कोतिर, *रिसाइक्लिङ* भने सम्पन्न मानिसहरूको संवेदनशील र नैतिक सरोकारको अभिव्यक्तिसरह हेरिन्छ । परिणामत: बहुसङ्ख्यक गरिबले कबाडजन्य गतिविधिलाई अभावात्मक परिस्थितिको उपज ठानेको छ । अल्पसङ्ख्यक धनीले उस्तै गतिविधिलाई नैतिक जीवनशैलीको अभिन्न अङ्ग मानेको छ । कबाड व्यवसाय र यस्तै यावत् पुनर्प्रयोग र पुनर्विन्यासका व्यवसायलाई वातावरण संरक्षणको नीति र नाराबाट निकालेर विशुद्ध आर्थिक महत्त्वलाई पुनर्स्थापित गर्न सके त्यस्तो द्विविधाको अन्त्य हुने थियो । साथै, प्राकृतिक स्रोत र साधनको संयमित उपयोगबारे गरिब समाजको यथार्थपरक अर्थराजनीतिक संरचनाबारे सार्वजनिक बहस थाल्न सकिन्थ्यो ।

ꣳ

# परिशिष्ट

## क। तथ्याङ्क सङ्कलनको प्रकृति, मात्रा तथा विधि

परिमाणात्मक तथा गुणात्मक तथ्याङ्क सङ्कलन गरिएका छन् । प्रश्नावली तथा अन्तर्वार्तामार्फत तथ्याङ्क जम्मा गरिएका हुन् । प्रारम्भिक स्थलगत भ्रमणमा चिनापर्ची र अनुसन्धानको मूल उद्देश्यबारे कबाड व्यवसायीहरूलाई आश्वस्त गरियो । प्रश्नावली बनाईसकेपछि त्यसको उपादेयता र प्रभावकारिता नापियो । अनि परिमार्जित प्रश्नावलीमा विस्तृत तथ्याङ्क सङ्कलन, सङ्ग्रह गर्न थालियो । प्रश्नावली भर्ने काममा सोचेभन्दा बढी समय लाग्यो । भेटिएकामा करिब एक चौथाई व्यवसायी मात्रै कुरा गर्न राजी भए । एकै ठाउँमा लगातार गएपछि कतिपय कबाड धनी कुरा गर्न माने । धेरै जसोले मालिक छैनन्, घर गएका छन्, बाहिर गएका छन् भन्ने उत्तर दिए । म त नयाँ मान्छे, मलाई थाहा छैन भन्ने उत्तर पनि आयो । केही कबाडका मालिक नभएर नै त्यसो भनिएको हुनसक्छ । धेरैजसोले ढाँटे । मालिक नभए पनि हुन्छ, मलाई यो पसलको बारेमा सूचना चाहिएको हो, अलि फुर्सद भएको बेलामा कुरा गर्न सक्नुहुन्छ कि भन्दा उनीहरूले कुरा गर्न मानेनन् । अनुसन्धातामध्ये तीर्थ विष्ट, जसले स्थलगत तथ्याङ्क जम्मा पारेका हुन्, आफूले एमएको थेसिस गर्दैछु भनेर चिनाए । चन्दा माग्न धेरै मान्छेहरू आउने भएकाले कतिपयले यो विद्यार्थी पनि चन्दाकै लागि आएको हो भन्ने ठानेर मालिक छैन भने । त्यसपछि म थेसिस गर्ने विद्यार्थी हुँ, चन्दाको लागि आएको होइन, न त म तपाईंलाई नै केही दिन सक्छु भनेर उनले कुरा सुरु गरे । थुप्रैले विद्यार्थी हो भने पनि उनलाई कुनै एनजीओकै मानिस ठानेर कुरा गरे । विद्यार्थीको अनुसन्धानबारे बुझेकाहरूले कुरा त गरे, तर साँचो कुरा बताउन अन्कनाए । आफ्नो व्यापारलाई धेरै घटाएर भने र घाटा बढाएको देखाए । उनीहरूले आफ्नो कारोबारको बारेमा खुलेर कुरा गर्न चाहेनन् । केही ठूला व्यवसायीले मात्र कर कार्यालयमा दर्ता गरेर प्यान नम्बर लिएका छन् । वार्षिक २० लाखभन्दा माथि कारोबार गर्ने व्यवसायी प्यानबाट भ्याटमा बढुवा हुनुपर्ने भएकाले तिनले आफ्नो व्यवसायलाई घटाएर भन्ने गरेको हो भन्ने कुरा कबाड सङ्घका महासचिवले बताए । केही व्यक्तिले आफ्नो व्यक्तिगत कुरा गर्न चाहेनन् । २-४ पल्ट धाएपछि साना कबाडबाट सूचना लिन सकियो । तर ठूला कबाडका साहु पाउन गाह्रो र भेटिए पनि मालिक छैन भन्ने उत्तर आयो । कुरा गरिहाले पनि उनीहरूले ढाँटेको सजिलै थाहा हुन्थ्यो । कबाड पसलमा कति सामान जम्मा गरेका छन् अथवा एक महिना, एक हप्तामा कति कारोबार हुन्छ भन्ने अनुमान लगाउन गाह्रै हुन्थ्यो ।

## ख। तथ्याङ्क सङ्कलनको स्रोत

### ख१। भ्रमण गरिएका स्थान तथा क्षेत्र

ताहाचल
थसिखेल
बालकुमारी
कुलेश्वर
टेकु
सानेपा
कुपण्डोल
कपन
ग्वार्को
मीनभवन
खरीबोट, बानेश्वर
कलङ्की
बाफल, सीतापाइला
मिलनचोक, बानेश्वर
सिनामङ्गल
शङ्खमूल
सल्लाघारी
लोकन्थली
सूर्यविनायक
जगाती
च्यामासिंह
टोखा रोड, धापासी
सामाखुसी, गोङ्गबु
खरिबोट, गोङ्गबु
मिलनटोल, टोखा रोड
ग्रीनल्याण्ड, सामाखुसी
जरङ्कु (नेपालटार अगाडि)
नेपालटार
इनरुवा, सुनसरी
सिमरा, बारा
जीतपुर, बारा
वीरगंज, पर्सा
बुटवल, रुपन्देही
भैरहवा, रुपन्देही

खर२। सम्पर्क व्यक्तिको तालिका

| क्र.सं। | कबाड धनी | स्थान | स्थाई ठेगाना | प्रकार | आकार | संपर्क नं |
|---|---|---|---|---|---|---|
| १ | किसन सहनी | ताहाचल | सर्लाही | बोरा गोदाम | सानो | छैन |
| २ | रामवचनप्रसाद जायसवाल | थसिखेल | बारा | साधारण (सा) | मझौलो | नदिएको |
| ३ | माइला दाइ | बालकुमारी | नेपाल-भारत | गाडीका फलाम | ठूलो | नदिएको |
| ४ | अजय जायसवाल | तहाचल | थाहा नभएको | (सिसडोल) | मझौलो | - |
| ५ | नागेन्द्र | कुलेश्वर | मोतिहारी | सा | मझौलो | नदिएको |
| ६ | राजेश साह | बालकुमारी | मोतिहारी | फलाम | ठूलो | ९८४१३९६६३१ |
| ७ | रतन साहु(भनिएको) | टेकु | नखुलाइएको | पोलिथिन ब्याग | ठूलो | नदिएको |
| ८ | रामकेवल साह | ताहाचल | सीतामढी | कतरन | मझौलो | |
| ९ | चुनचुन साह | सानेपा | सर्लाही | सा | ठूलो | नदिएको |
| १० | किसन दास | कुपण्डोल | सीतामढी | पोलिथिन ब्याग | सानो | नदिएको |
| ११ | सुरेशप्रसाद जायसवाल | कुपण्डोल | सीतामढी | सा | मझौलो | ५०११७२३ |
| १२ | ज्ञानेन्द्र बुढाथोकी | कपन | खोटाङ/धरान | सा(रिक्सा) | मझौलो | ९५१००६५५८/ ९७४११५७११४ |
| १३ | हेम राई/पीएचडी सुब्बा | कपन | नेपाल | सा | सानो | नदिएको |
| १४ | गौतम कुमार | कपन | सीतामढी | सा | मझौलो | ९८१३८१९४३८ |
| १५ | शत्रुघन कुमार | कपन | सीतामढी | बोरा-बट्टा | सानो | नदिएको |
| १६ | विजयकुमार साह | ग्वार्को | मोतिहारी | फलाम | मझौलो | ९८४१८६६६७८ |
| १७ | नखुलाइएको | ग्वार्को | नखुलाइएको | ड्रम | मझौलो | नदिएको |
| १८ | श्यामसुन्दर यादव | मीनभवन | गौर | सा | सानो | नदिएको |
| १९ | सुरेश जायसवाल | ताहाचल | सीतामढी | सा | मझौलो | ९८४१७७९६८९ |
| २० | विकास चौधरी | टेकु | सीतामढी | सा | सानो | ९८०३३२९२५३ |
| २१ | रोनित यादव | खरीबोट, बानेश्वर | गौर | कतरन | ठूलो | नदिएको |
| २२ | प्रल्हाद बञ्जौला | कलंकी | चितवन | सा | ठूलो | ९८१३५५०८८२ |
| २३ | गौरीशंकर कुरमार | बाफल, सीतापाइला | मोतिहारी | सा | मझौलो | |
| २४ | हजारीप्रसाद जायसवाल | मिलन चोक, बानेश्वर | मोरङ | सा | ठूलो | ९८४१२४०९३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | हिरालाल साह | मिलन चोक, बानेश्वर | मोतिहारी | सा | मझौलो | ९८४९२२७३५९ |
| २६ | सुरेश जायसवाल | मिलन चोक, बानेश्वर | मोतिहारी | सा | ठूलो | ०१४४६९१५० |
| २७ | अर्जुनकुमार साह | सिनामंगल | मोतिहारी | सा | मझौलो | ९८०८१२२९१८ |
| २८ | नखुलाइएको | सिनामंगल | मोतिहारी | सा | मझौलो | - |
| २९ | शेख नजबुलहुदा | शंखमूल | रौतहट | सा | मझौलो | ९८४११२२६२९ |
| ३० | शिवहर/विनोद चौधरी | सल्लाघारी | मोतिहारी | सा | ठूलो | - |
| ३१ | राकेश साह | सल्लाघारी | मोतिहारी | सा | मझौलो | - |
| ३२ | नगिना साह (कलवार) | लोकन्थली | रौतहट | सा | ठूलो | ९८१८६१६७६९ |
| ३३ | रवीन्द्र प्रजापती | सूर्यविनायक | भक्तपुर | सा | मझौलो | ९८४१३५८५२० |
| ३४ | जयकिसन गुप्ता | जगाती ३ | सीतामढी | सा | मझौलो | - |
| ३५ | सुरेश चौधरी | सूर्यविनायक | सीतामढी | सा | मझौलो | - |
| ३६ | हरि गुप्ता | च्यामासिंह | नेपाल-भारत | सा | मझौलो | - |
| ३७ | नरेश साह | च्यामासिंह | नेपाल-भारत | सा | मझौलो | - |
| ३८ | शिवशंकर गुप्ता(ले बेचेको) | च्यामासिंह | सीतामढी | सा | मझौलो | - |
| ३९ | रामविनय गुप्ता | जगाती | सीतामढी | सा | मझौलो | - |
| ४० | लखन चौधरी(सहनी)/ अशोक कार्की | टोखा रोड, धापासी | नेपाल-भारत | सा | ठूलो | - |
| ४१ | सुनिल प्रसाद जायसवाल | सामाखुसी, गोङ्गबु | मोतिहारी | सा | मझौलो | - |
| ४२ | संगम लामा | सामाखुसी, गोङ्गबु | काभ्रे | सा | सानो | - |
| ४३ | उमेश सिंह राजपुत | खरिबोट, गोङ्गबु | मोतिहारी | सा | सानो | ९८०३६९१८२७ |
| ४४ | राजकुमार जायसवाल | मिलनटोल, टोखा | मोतिहारी | सा | मझौलो | - |
| ४५ | अवधेश जायसवाल | ग्रीनल्याण्ड | मोतिहारी | सा | मझौलो | ९८४१७७८८१२ |
| ४६ | धर्मेन्द्र ठाकुर (सहनी) | जरङ्ग (नेपालटार) | मोतिहारी | सा | सानो | - |
| ४७ | अशोक सहनी | जरङ्ग | मोतिहारी | सा | सानो | ९८०८६९२६१३ |
| ४८ | नागिन्दर सहनी | नेपालटार | मोतिहारी | सा | ठूलो | - |
| ४९ | जितेन्द्र सहनी | नेपालटार | मोतिहारी | सा | सानो | - |

## ख३। पुनर्विन्यासको लागि दैनिक रूपमा उत्पादित कबाडी परिमाण

| पसल नम्बर | प्लास्टिक केजीमा | पोलिथिन झोला केजीमा | बोतल गोटामा | टिना कुचा केजीमा | कापी किताब केजीमा | काटुन केजीमा | पुनर्प्रयोग गर्न सकिने काटुन गोटामा | अण्डा राख्ने क्यारेट गोटामा | जुटको बोरा गोटामा | सिमेन्टको बोरा गोटामा | मैदा राख्ने बोरा गोटामा | कतरन केजीमा | कपडा केजीमा | प्लास्टिक ड्रम गोटामा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १००० | | ५००० | २०० | १००० | २००० | | | | | | | १००० | |
| २ | १४०० | | ४८०० | ४६०० | २००० | ३६०० | | | | | | | | |
| ३ | | | | | | | | | | | | १०००० | | |
| ४ | ३०० | | ३००० | १७०० | १००० | १००० | | | | | | | | |
| ५ | १०० | | | ३३० | २५० | २५० | | | | | | | | २२० |
| ६ | | | | ८५०० | | | | | | | | | | |
| ७ | | | | | | | ३०० | | २५०० | २००० | २००० | | | |
| ८ | २३० | | १२०० | १६०० | ५०० | ५०० | | | | | | | | |
| ९ | १५०० | | ३००० | ३००० | १००० | १००० | | | | | | | | |
| १० | ७००० | ९००० | १५००० | १६०० | १००० | १००० | | | | | | | ५००० | |
| ११ | २००० | | ६५०० | | १७०० | १३०० | | | | | | | | |
| १२ | | ३००० | | | | | | | | | | | | |
| १३ | ११०० | | ५००० | ४००० | ३००० | १००० | | | | | | | १५०० | |
| १४ | | | | | | | | | | | | १५००० | | |
| १५ | | ९००० | | | | | | | | | | | | |
| १६ | | | | ९००० | | | | | | | | | | |
| १७ | २०० | | ४००० | २००० | १००० | २००० | | | | | | | | |
| १८ | १०००० | | | २००० | | | | | | | | | | |
| १९ | | | | १५००० | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | १००० | | ३००० | ५५०० | १००० | १२०० | | | | | | | | |
| २१ | | | | | | | | | | | ९००० | | | |
| २२ | १३०० | | ४७०० | १२९०० | ६००० | ४००० | | | | | | | | |
| २३ | १३०० | | ३००० | १३०० | १००० | १००० | | | | | | | | |
| २४ | ३०० | | २०००० | २८०० | ३००० | २४०० | | | | | | | | |
| २५ | | | | | | | | | | | | ८००० | | |
| २६ | ५५० | | ५३०० | ४५०० | २२०० | १२०० | | | | | | | | |
| २७ | ५०० | | ५००० | २५०० | २६०० | १६०० | | | | | | | | |
| २८ | ६०० | | २५०० | १७०० | १००० | १००० | | | | | | | | |
| २९ | ७०० | | ४५०० | ३६०० | २००० | १४०० | | | | | | | | |
| ३० | १३०० | | ३००० | २५०० | २००० | १००० | | | | | | | | |
| ३१ | ६०० | | ४००० | ३००० | २००० | २००० | | | | | | | | |
| ३२ | ३०० | | ३००० | ३१०० | २००० | ३००० | ३०० | | | | | | | |
| ३३ | ३०० | | २५०० | १५०० | १००० | ७०० | | | | | | | | |
| ३४ | २०० | | ३२०० | १००० | १००० | ५०० | | | | | | | | |
| ३५ | २०० | | १५०० | १००० | ५०० | ५०० | | १५०० | | | | | | |
| ३६ | २०० | | २००० | १५०० | | २००० | २०० | १५०० | | | | | | |
| ३७ | १००० | | २५०० | २००० | १००० | १००० | | | | | | | | |
| ३८ | ४०० | | ३००० | ७५०० | २००० | २००० | | | | | | | | |
| ३९ | १००० | | ४००० | ३५०० | २००० | १५०० | | | | | | | | |
| ४० | १००० | | २५०० | ३५०० | २००० | ७०० | | | | | | | | |
| ४१ | | | २५० | ४००० | ४०० | | | | | | | | | ३० |
| ४२ | ५०० | | २५०० | २५०० | २००० | ७०० | | | | | | | | |
| ४३ | ५०० | | | २८०० | १५०० | १००० | | | | | | | | |
| ४४ | ६०० | | ७५०० | ४००० | | १५०० | | | | | | | | |
| ४५ | ५०० | | २००० | ३००० | १५०० | २००० | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४६ | ७०० | | ३००० | १००० | | १००० | | | | | | | | |
| ४७ | २०० | | २००० | १६०० | २००० | १२०० | | | | | | | | |
| ४८ | १००० | | २००० | ७००० | १००० | १००० | | | | | | | | |
| ४९ | २०० | | ८००० | ७०० | १००० | ७०० | | | | | | | | |
| कूल | ४१९८० | २१००० | १५३९५० | १४५०३० | ५६१५० | ५१४५० | ८०० | ३००० | २५०० | २००० | ११००० | ३३००० | ७५०० | २५० |
| | | | | | | | | | | | | | | |
| संख्या | ३८ | ३ | ३६ | ४१ | ३५ | ३७ | ३ | २ | १ | १ | २ | ३ | ३ | २ |
| अधिकतम | १०००० | ९००० | २०००० | १५००० | ६००० | ४००० | ३०० | १५०० | २५०० | २००० | ९००० | १५००० | ५००० | २२० |
| न्यूनतम | १०० | ३००० | २५० | २०० | २५० | २५० | २०० | १५०० | २५०० | २००० | २००० | ८००० | १००० | ३० |
| औसत | ११०४.७४ | ७००० | ४२७६.३९ | ३५३७.३२ | १६०४.२९ | १३९०.५४ | २६६.६७ | १५०० | २५०० | २००० | ५५०० | ११००० | २५०० | १२५ |
| ४९ ओटाको औसत | ८५६.७३ | ४२८.५७ | ३१४१.८४ | २९५९. ८० | ११४५.९२ | १०५० | १६.३३ | ६१.२३ | ५१.०२ | ४०.८२ | २२४.४९ | ६७३.४७ | १५३.०६ | ५.१० |
| मासिक (८०० ओटा) | ६८५३८७.७६ | ३४२८५७.१४ | २५१३४६९.३९ | २३६७८३६.७३ | ९१६७३४.६९ | ८४००००.०० | १३०६१.२२ | ४८९७९.५९ | ४०८१६.३३ | ३२६५३.०६ | १७९५९१.८४ | २९३८७७.५५ | १२२४४८.९८ | ४०८१.६३ |
| वार्षिक केजीमा | ८२२४६५३.०६ | ४११४२८५.७१ | ३०१६१६३२.६५ | २८४१४०४०.८२ | ११०००८१६.३३ | १००८००००.०० | १५६७३४.६९ | ५८७७५५.१० | ४८९७९५.९२ | ३९१८३६.७३ | २१५५१०२.०४ | ३५२६५३०.६१ | १४६९३८७.७६ | ४८९७९.५९ |
| मेट्रिक टनमा | ८२२४.६५ | ४११४.२९ | | २८४१४.०४ | ११०००.८२ | १००८०.०० | | | | | | ३५२६.५३ | १४६९.३९ | |